कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित

(शेयरमा सिमित दायित्व भएको)

# ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालयः का.म.पा.३१, कमलपोखरी, काठमाण्डौं

फोन नं. : ०१ -४४११३७३ फ्याक्स नं. : ९७७-१-४४११३७३

Email: contact@greenlife.com.np, www.greenlife.com.np/ www.greenlifehydropower.com.np

## को विवरण-पत्र

**(कम्पनी ऐन २०६३ को दफा २३ को उपदफा (१) र**
**धितोपत्र सम्बन्धी ऐन २०६३ को दफा ३० को उपदफा (१) अन्तर्गत प्रकाशित)**

आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दाहरुको लागि कम्पनीले सार्वजनिक निष्काशनको निमित्त छुट्याएको जारी पुँजी रु.१ अर्ब ८० करोड मध्ये १० प्रतिशतले हुने साधारण शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही प्रति साधारण शेयर रु. १००/– अंकित मुल्यको १८,००,००० कित्ता शेयरहरु निष्काशन गरिएको छ। जस मध्ये आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) दोलखा जिल्लाको समुह (क) गौरीशंकर गाउँपालिका बडा न. ७ मार्बु बासिन्दाहरुका लागी ३० प्रतिशत अर्थात ५४०,००० थान, समुह (ख) गौरीशंकर गाउँपालिका बडा न. ५ सुरी, ६ चंखु, ८ खारे र ९ गौरीशकर गाउँपालिका बासिन्दाहरुका लागी ४० प्रतिशत अर्थात ७२०,००० थान र समुह (ग) गौरीशंकर गाउँपालिका बडा न. १ र २ जुगु बडा न. ३ र ४ भ्याकु र विगु गाउँपालिका बडा न. ४ लादुक बासिन्दाहरुका लागी ३० प्रतिशत अर्थात ५४०,००० थान कित्ता शेयर छुट्याइएको छ।

**प्रतिशेयर नेटवर्थ तथा प्रतिशेयर आम्दानी सम्बन्धी विवरणः**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| आय वर्ष | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| प्रति शेयर आम्दानी | – | – | – | ०.५९ | २.१३ | ७.११ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०० | १०० | १०० | १००.५९ | १०२.७२ | १०९.८३ |
| नाफा/नोक्सान हिसाव रु.हजारमा | – | – | – | १०,६६१ | ३८,२६६ | १२८,०३३ |

**आयोजनाको संक्षिप्त विवरणः**

| | | | |
|---|---|---|---|
| कुल लागत प्रक्षेपित रु. | ६ अर्ब ३९ करोड ३९ लाख | साधारण लगानी फिर्ता हुने अवधि | ७ बर्ष ६महिना |
| प्रति मेगावाट लागत रु. | १५ करोड ९८ लाख | डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि | १३ बर्ष २ महिना |
| विद्युत उत्पादन अनुमतिको बाँकि अवधि | २७.बर्ष ६महिना | | |

**दरखास्तसाथ प्रति साधारण शेयर रु. १००/– अंकित मुल्यको शतप्रतिशत भुक्तानी माग गरिएको।**

**आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई निष्काशन गरिएको धितोपत्र सर्वसाधारणलाई निष्काशन गरिने धितोपत्र बाँडफाँट गरिएको मितिले कम्तीमा तीन बर्षसम्म बिक्रि गर्न नपाउने व्यवस्था रहेको। लगानीमा हुने जोखिम सम्बन्धी उद्‌घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेरमात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्‌घोषण :**

यस विवरणपत्रमा उल्लिखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई "धितोपत्र सम्बन्धी ऐन, २०६३" बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमता वा धितोपत्रको मूल्यको वारेमा कुनै प्रकारको प्रत्याभूति गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस सार्वजनिक निष्काशनलाई CARE Ratings Nepal Ltd. ले June 1, 2018 मा औसत भन्दा तल आधारहरु (Below-average fundamentals) जनाउने "CARE-NP IPO Grade 4" ग्रेड प्रदान गरेको छ। यसको अवधि १ (एक) बर्षको रहेको छ।

| | | |
|---|---|---|
| नेपाल धितोपत्र वोर्डवाट विवरण-पत्र स्विकृती भएको मिति | : | २०७५/०९/१७ |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति | : | २०७५/०९/२२ |
| शेयर निष्काशन खुल्ला हुने मिति | : | २०७५/१०/२२ |
| शेयर निष्काशन बन्द हुने (छिटोमा) मिति | : | २०७५/११/०७ |
| शेयर निष्काशन बन्द हुने (ढिलोमा) मिति | : | २०७५/११/२७ |

**निष्काशन तथा बिक्रि प्रबन्धक**

**काठमाण्डौ क्यापिटल मार्केट लि.**
**Kathmandu Capital Market Ltd.**

कमलादी, काठमाडौं प्लाजा, वाइ ब्लक, दोस्रो तल्ला,
काठमाण्डौ, फोन नं. ४१६८६३४, फ्याक्स न.: ०१४१६८६३९,
Email: kathmanducapitalmarket@kcml.com.np,
website : kcml.com.np

**(ख) (१) विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषाः**

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले काठमाण्डौ क्यापिटल मार्केट लिमिटेड, कमलादी, काठमाण्डौंलाई सम्झनु पर्दछ ।

घ) "संगठित संस्था" भन्नाले निष्काशनकर्ता कम्पनी ग्रीनलाईफ हाईड्रोपावर लिमिटेड, का.म.न.पा. वडा नं. ३१ लाई सम्झनु पर्दछ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनका लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

च) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंकलाई सम्झनु पर्दछ ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल विद्युत प्राधिकरण तथा विद्युत विकास विभागलाई सम्झनु पर्दछ ।

ज) "संस्थापक, संचालक, कार्यकारी प्रमँख तथा व्यवस्थापन" भन्नाले ग्रीनलाईफ हाईड्रोपावर लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

ञ) **"स्थानियवासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात दोलखा जिल्लाको दोलखा जिल्लाको समुह (क) गौरीशंकर गाउँपालिका बडा न. ७ मार्वु,समुह (ख) गौरीशंकर गाउँपालिका बडा न. ५ सुरी, ६ चंखु, ८ खारे र ९ गौरीशकर गाउँपालिका, र समुह (ग) गौरीशंकर गाउँपालिका बडा न. १ र २ जुगु बडा न. ३ र ४ भ्याकु र विगु गाउँपालिका बडा न. ४ लादुक मा स्थायी बसोवास गर्ने अन्य बासिन्दाहरुलाई जनाउँछ ।

**(२) विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बँझाउने स्थान :**

यस विवरण-पत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि देहाय बमोजिमका स्थानमा दरखास्त पाउन, रकम जम्मा गर्न र दरखास्त बँझाउन सकिने व्यवस्था गरिएको छ ।

(क) ग्रीनलाईफ हाईड्रोपावर लिमिटेड, आयोजना स्थल, गौरी शंकर गाँऊपालिका, दोलखा ।

(ख) प्राइम कमर्सियल बैंक लि. का दोलखा जिल्लास्थित जिरी र बैतेश्वर शाखा कार्यालयहरु तथा सेञ्चुरी कमर्सियल बैंक लि. का सिंगटी र चरिकोट ।

(ग) दरखास्त फारम निष्काशनकर्ता कम्पनीको वेभसाइट www.greenlife.com.np/ www.greenlifehydropower.com.np तथा बिक्रि प्रबन्धकको वेभसाइट www: kcml.com.np बाट समेत डाउनलोड गरि प्राप्त गर्न सकिनेछ ।

(घ) दरखास्त फारम रु.२/– भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।

(ग) (१)धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषणः

| |
|---|
| हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं । |

(२) संगठित संस्थाको उद्घोषणः

**(क) संचालकको जिम्मेवारी तथा जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमतिको प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी समुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**(ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस ग्रीनलाईफ हाईड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक कम्पनीको वारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता यस कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, आदि) को शेयर निष्काशन सम्बन्धी तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै, शेयर निष्काशन गर्ने प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व.२०७३/०७४ सम्मका विवरणहरु पेश गरी कम्पनी अद्यावधिक गरीएको छ ।

**(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस कम्पनीको संस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख कालोसूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

## ३. संगठित संस्था सम्बन्धी जानकारीः

## (क) संगठित संस्थाको पृष्ठभूमीः

(१) **कम्पनीको नाम :** ग्रीनलाईफ हाईड्रोपावरलिमिटेड

(२) **कम्पनी कुन ऐन अन्तर्गत स्थापना भएको सो कुरा** : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(३) **रजिष्टर्ड कार्यालय :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, का.म.न.पा ३१, मा रहेको छ। आवश्यकतानुसार सम्बन्धित निकायको स्वीकृत लिई नेपाल राज्य भरी जुनसुकै स्थानमा कम्पनीको शाखा, उपशाखा तथा सम्पर्क कार्यालय विस्तार गर्न सकिनेछ ।

(४) **कारोवार गर्ने मुख्य स्थान (जलविद्युत केन्द्र) :** कम्पनीको जलविद्युत उत्पादन केन्द्र (खानीखोला-१ आयोजना) दोलखा जिल्लाको गौरीशंकर गाँऊपालीका साविकको खारे र मार्बु गा.वि.स.मा रहेको छ ।

(५) **कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र कम्पनीको मुख्य उदेश्यहरु :-**

- ग्रीन लाईफ हाईड्रोपावर लिमिटेड प्रचलित कानून बमोजिम २०६६ साल आश्विन ०४ गते नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा ग्रिनलाइफ इनर्जी प्रा.लि.को रुपमा दर्ता भएको र मिति २०७४ आषाढ ९ गतेदेखि पब्लीक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन २०६३ र विद्युत ऐन २०४९ अन्तर्गत काम/कारोबार गर्दै आइरहेको छ । पब्लीक लिमिटेड कम्पनीमा परिणत भएपश्चात कम्पनीको नाम परिवर्तन भई "ग्रीनलाईफ हाईड्रोपावरलिमिटेड" रहन गएको छ ।
- कम्पनीले विद्युत उत्पादन गर्ने अनुमति मिति २०६८ बैशाख २८ गते प्राप्त गरेको र सो अनुमतिपत्रको बाहाल अवधि २०६८ बैशाख १६ गते देखि २१०३ बैशाख २७ गते सम्म रहने छ ।
- यस कम्पनीले निर्माण गरी संचालनमा ल्याएको खानीखोला १ जलविद्युत आयोजनाको लागत प्रति मेघावाट करिब रु. १५ करोड ९८ लाख रहेको छ ।आयोजनाको साधारण लगानी फिर्ता हुने अबधि ७.४९ बर्ष तथा डिस्काउन्टमा लगानी फिर्ता हुने अबधि १३.१६ बर्ष रहेकोछ ।
- कम्पनीको प्रवन्धपत्र र नियमावली अनुसार जारी पूँजीको २०% शेयर मध्ये सञ्चालक समितिको निर्णय अनुसार उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित क्षेत्र अर्थात दोलखा जिल्लाको दोलखा जिल्लाको समुह (क) गौरीशंकर गाउँपालिका बडा न. ७ मार्वु,समुह (ख) गौरीशंकर गाउँपालिका बडा न. ५ सुरी , ६ चंखु , ८ खारे र ९ गौरीशकर गाउँपालिका, र समुह (ग) गौरीशंकर गाउँपालिका बडा न. १ र २ जुगु बडा न. ३ र ४ भ्याकु र विगु गाउँपालिका बडा न. ४ लादुकमा स्थायी बसोवास गर्ने बासिन्दाहरुलाई) लगायत कर्मचारी तथा सर्वसाधारणलाई निष्काशन तथा बिक्रि बितरण गरिने व्यवस्था गरिएकोछ ।
- कम्पनीले प्रदेश नं. ३, दोलखा जिल्लाको गौरीशंकर गाँऊपालिका (तत्कालीन खारे तथा मार्बं गा.वि.स.) मा बहने खानीखोला, हनापु खोला र नाप्के खोलाको पानी मिसाई आयोजना निर्माण गरी ४०,००० किलोवाट क्षमताको जलविद्युत आयोजनाबाट विजुली उत्पादन गरी उद्देश्य अनुरुप २०७५ पौषदेखि विद्युतको व्यापारिक उत्पादन प्रारम्भ गर्ने गरी विद्युत खरिद विक्री सम्झौता भएको छ ।
- कम्पनीबाट उत्पादन गरिएको सवै विद्युत शक्ति एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६८ साल भाद्र १९ गते विद्युत खरिद विक्री सम्झौता सम्पन्न भई उक्त विद्युत खरिद बिक्री सम्झौतामा समयानुकुल संशोधन गर्दै मिति २०७४ श्रावण ०१ मा पाँचौ संशोधन भएको छ ।
- आयोजनाको कुल लागत रु. ६ अर्व ३९ करोड ३८ लाख अनुमानित गरिएको छ ।

| सि.नं. | कामको विवरण | सम्पन्न प्रतिशत |
|---|---|---|
| 1 | <u>CIVIL WORKS</u> | |
| | SURFACE HEADWORKS | ९०% |
| | UNDERGROUND HEADWORKS | ६०% |
| | HEADRACE TUNNEL | १००% |
| | VERTICAL SHAFT | १००% |
| | POWERHOUSE | ९७% |
| | SWITCHYARD | ७५% |
| 2 | TRANSMISSION LINE | ५०% |
| 3 | HYDROMECHANICAL WORKS | ६०% |
| 4 | ELECTROMECHANICAL | ७०% |

आयोजनाको हाल सम्म करिब ९०% कार्य सम्पन्न गरिसकेको छ। सम्पन्न विवरण माथि उल्लेखित गरिएको छ।

**कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेकोछ :**

(क) **विद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गर्नेः–**विद्युतसंग सम्बन्धित आयोजनाहरुको पहिचान गरी नेपाल सरकारसंग अनुमति लिई पूर्व सम्भाव्यता अध्ययन, वातावरण प्रभाव मूल्याङ्कन (EIA), Detail Project Report(DPR) समेत गरी विद्युत खरीद सम्झौतासम्मको सेवा संचालन गर्ने।

(ख) **विद्युत आयोजनाहरु तथा प्रसारण लाइन निर्माण, संचालन तथा हस्तान्तरण गर्ने (BOT) :–** नेपाल सरकारसंग अनुमति प्राप्त गरी विद्युत आयोजनाहरु तथा प्रसारण लाईन निर्माण गर्ने, संचालन गर्ने र नेपाल सरकारलाई सम्झौता बमोजिम निश्चित समयावधि पछि हस्तान्तरण गर्ने, सो कार्यको लागि विद्युत खरीदकर्तासँग विद्युत खरीद सँझौता (PPA) गरी उत्पादित विद्युत बिक्री गर्ने।

(ग) **विद्युत गृह लिजमा लिने वा खरीद गरी संचालन गर्ने :–** हाल संचालनमा रहेका साथै निर्माणाधिन विद्युत गृहहरुलाई खरिद गर्ने वा लिजमा लिई संचालन गर्ने र उत्पादित विद्युत बिक्री वितरण गर्ने।

(घ) **विद्युत गृहको संचालन सम्भार तथा परामर्श सेवा दिनेः–** संचालनमा रहेका नेपाल सरकार वा निजी क्षेत्रका विद्युत गृहहरुको संचालन तथा सम्भारमा आवश्यक प्राविधिक, व्यवस्थापन तथा परामर्श सेवा दिने।

(ङ) **विद्युत खरीद वा विक्री व्यवसाय गर्नेः–** विद्युत उत्पादनकर्तासँग विद्युत खरीद गरी विद्युत खपतकर्ताहरुलाई विद्युत बिक्री वितरण गर्ने।

(च) **मेशिन उपकरणहरु विक्री वितरण गर्नेः–** विद्युत उत्पादन केन्द्र तथा सबस्टेशनहरुलाई आवश्यक पर्ने मेशिन उपकरणहरु आयात गरी बिक्री वितरण गर्ने।

(६) कम्पनीको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) : नभएको ।

(७) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागु हुने हदसम्म) :

(१) कम्पनीले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु : साना तथा मझौला जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) प्रयोग भएको वा गरिने विधि : जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : नभएको ।

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र : उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने ।

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना : थप नयाँ जलविद्युत आयोजनाहरुको विकास गर्ने ।

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका : विद्युत खरीद विक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्री गर्ने साथै नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद सम्झौतामा भएको मुख्य मुख्य बुदाँहरु :

क) नेपाल विद्युत प्राधिकरणसंग आयोजना संचालनको सहजताका लागि समन्वय समिति गठन गरी कार्य गर्ने ।

ख) नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मिति देखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको (पहिलो आयोजना २५,००० किलोवाट) को कन्ट्र्याक्ट इनर्जीको परि माणसम्मको उर्जा खरिद वापत बर्षा याममा प्रति कि.वा.रु. ४।- र सुख्खा याममा प्रति कि.वा.रु. ७-का दरले भुक्तानी दिनेछ । साथै, व्यापारीक उत्पादन शुरु हुने मिति पर्ने आर्थिक बर्षलाई आधार मानी त्यसपछिको प्रत्येक आर्थिक बर्षको लागि ३ प्रतिशतका दरले ९ (नौ) पटकसम्म मुल्य बृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ । (Commercial Operation Date)

| अवधि | सुख्खा याम (पौष देखि चैत्र सम्म) रु. प्रति युनिट | बर्षा याम (बैशाख देखि मार्ग सम्म) रु. प्रति युनिट |
|---|---|---|
| व्यापारीक उत्पादन शुरु हुने मिति(COD) पने ' आर्थिक बर्ष | ७.०० | ४.०० |
| (COD) पछिको पहिलो आर्थिक बष | ७.२१ | ४.१२ |
| (COD) पछिको दोश्रो आर्थिक बष | ७.४२ | ४.२४ |
| (COD) पछिको तेश्रो आर्थिक बष | ७.६३ | ४.३६ |
| (COD) पछिको चौथो आर्थिक बष | ७.८४ | ४.४८ |
| (COD) पछिको पँचौ आर्थिक बष | ८.०५ | ४.६० |
| (COD) पछिको छैठौं आर्थिक बष | ८.२६ | ४.७२ |
| (COD) पछिको सातौ आर्थिक बष | ८.४७ | ४.८४ |
| (COD) पछिको आठौं आर्थिक बष | ८.६८ | ४.९३ |
| (COD) पछिको नवौं आर्थिक बर्ष देखि सम्झौता अवधिसम्म | ८.८९ | ५.०८ |

ग) थप हुने जाने १५,००० किलोवाट क्षमता अनुसारको थप कन्ट्रयाक्ट इनर्जीको हकमा बर्षा याममा प्रति कि.वा.रु.४।८० र सुख्खा याममा प्रति कि.वा.रु. ८।४० का दरले हुन आउने रकम कम्पनी वा दफा ३७ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै, व्यापारीक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक बर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक आर्थिक बर्षको लागी ३ प्रतिशतका दरले ८ (आठ) पटक सम्म मुल्य बृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ ।

| अवधि<br><br>व्यापारीक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणणा हुने गरी | सुख्खा याम (पौषदेखि चैत्रसम्म) रु. प्रति युनिट | बर्षा याम (बैशाखदेखि मार्गसम्म) रु. प्रति युनिट |
|---|---|---|
| पहिलो महिना देखि १२औ महिना सम्म | ८.४० | ४.८० |
| १३औ महिना देखि २४औ महिना सम्म | ८.६५ | ४.९४ |
| २५औ महिना देखि ३६औ महिना सम्म | ८.९० | ५.०९ |
| ३७औ महिना देखि ४८औ महिना सम्म | ९.१६ | ५.२३ |
| ४९औ महिना देखि ६०औ महिना सम्म | ९.४१ | ५.३८ |
| ६१औ महिना देखि ७२औ महिना सम्म | ९.६६ | ५.५२ |
| ७३औ महिना देखि ८४औ महिना सम्म | ९.९१ | ५.६६ |
| ८४औ महिना देखि ९६औ महिना सम्म | १०.१६ | ५.८१ |
| ९७औ महिना देखि सम्झौता अवधि सम्म | १०.४२ | ५.९५ |

माथि जेसुकै लेखिएको भएता पनि व्यापारीक उत्पादन शुरु हुने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारीक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिला हुन गएमा विद्युत उर्जा खरिद दर निम्नानुसार बार्षिक मुल्य बृद्धि कायम गरिने छ ।

- RCOD को तुलनामा COD ६महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा ७ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD १८महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा ६ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD ३०महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा ५ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD ४२महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा ४ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD ५४महिनाभन्दा ढिलो हुन गएमा ३ वटा मात्र मुल्यबृद्धि दिईने छ ।

घ) सम्झौताको अबधि ३० बर्ष सम्म रहनेछ ।

(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति : ४०,००० किलोवाट क्षमताको जलविद्युत आयोजना मध्ये २५,००० किलोवाटको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने १५,००० किलोवाट क्षमताको विद्युत आयोजनाको आगामी दुई बर्ष भित्रमा उत्पादन प्रारम्भ हुने छ ।

(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता : खानीखोला, हनापु खोला र नाप्के खोलाबाट प्राकृतिक बहावमा आधारित पानी ।

(९) गुण नियन्त्रणका लागि गरिएको व्यवस्था : जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ ।

(१०) अनुसन्धान तथा विकास : नयाँ आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्य भइरहेको र निरन्तर गरिनेछ ।

(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान : नभएको ।

(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण : नभएको ।

(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति : उत्पादित सम्पुर्ण विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएको हुँदा वजारको लागि अन्य समान उद्योगहरु विच प्रतिस्पर्धा नहुने ।

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कुल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण : नेपाल विद्युत प्राधिकरण ।

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण : जलविद्युत केन्द्रमा जडित उपकरणहरुको क्उबचभ एबचतक को लागिमात्र हाल Hunan Allonward Hydro-Generating Equipment Co. Ltd.Chaina संग निर्भर रहनु पर्ने अवस्था रहेको छ ।

## (ख) कम्पनीको सम्पत्ति सम्बन्धी विवरणः

(१) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था : कम्पनीको स्वामित्वमा खानीखोलामा रहेको प्लाण्ट तथा उपकरणहरु प्रदेश नं. ३ को दोलखा जिल्ला गौरीशंकर गाऊँपालिका वडा नं. ७ (तत्कालिन खारे र मार्वु गा.वि.स. वडा नं. १) स्थित विद्युत गृहमा जडान भईरहेको छ। विद्युत उत्पादन केन्द्रका सिभिल संरचनाहरु गौरीशंकर गाऊँपालिका वडा नं. ७ (तत्कालिन खारे र मार्वु गा.वि.स. वडा नं. १) मा रहेका छन् । हालसम्म (२०७५ आषाढ मसान्तसम्म) कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण निम्न अनुसार रहेको छ ।

| विवरण | मौज्दात (परल मुल्य) रु.हजारमा | रहेको स्थान | पछिल्लो अवस्था |
|---|---|---|---|
| जग्गा जमिन | १७,९२४ | गौरीशंकर गाऊँपालिका वडा नं. ७ | चालु अवस्थामा रहेको |
| फर्निचर फिक्चर तथा कार्यालय उपकरण | १२,४८८ | काठमाडौ, महानगर पालिका, ३१ कमलपोखरी काठमाडौ तथा गौरीशंकर गाऊँपालिका वडा नं. ७ | चालु अवस्थामा रहेको |
| सवारी साधन | १०,९९५ | गौरीशंकर गाऊँपालिका वडा नं. ७ | चालु अवस्थामा रहेको |
| अदृश्य सम्पत्ति(सफ्टवयर) | १०८ | गौरीशंकर गाऊँपालिका वडा नं. ७ | चालु अवस्थामा रहेको |
| सिभिल निर्माण कार्य | ९,९५,४६९ | गौरीशंकर गाऊँपालिका वडा नं. ७ | निर्माणकार्य अन्तिम चरणमा रहेको |
| इलेक्ट्रोमेकानिकल कार्य | ६,२२,५४५ | गौरीशंकर गाऊँपालिका वडा नं. ७ | निर्माणकार्य अन्तिम चरणमा रहेको |
| हाइड्रोमेकानिकल कार्य | २,३०,७०० | गौरीशंकर गाऊँपालिका वडा नं. ७ | निर्माणकार्य अन्तिम चरणमा रहेको |
| ट्रान्समिसन लाइन एण्ड सव स्टेशन | १९,९७२ | गौरीशंकर गाऊँपालिका वडा नं. ७ | निर्माणकार्य अन्तिम चरणमा रहेको |
| कर्जाको व्याज भुक्तानी | ११,८४,८१७ | गौरीशंकर गाऊँपालिका वडा नं. ७ | पुँजीकृत खर्च |
| वातावरण सम्बन्धित खर्च | ५३,२०७ | गौरीशंकर गाऊँपालिका वडा नं. ७ | चालु अवस्थामा रहेको |
| आधारभुत संरचना | ९२९६१८ | गौरीशंकर गाऊँपालिका वडा नं. ७ | चालु अवस्थामा रहेको |
| भैपरी आउने खर्चहरु | १४७६८४ | गौरीशंकर गाऊँपालिका वडा नं. ७ | चालु अवस्थामा रहेको |
| **जम्मा** | **४२२५५२७** | | |

(२) बूंदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने) : आयोजनाको लागि गौरीशंकर संरक्षण क्षेत्रभित्रको स्थायी प्रयोजनको लागि ३.७५ हेक्टर निजी जग्गा आयोजनाले खरीद गरी जिल्ला वन कार्यालयको नाममा रजिष्ट्रेशन पास गरिदिनु पर्ने । अस्थायी प्रयोजनको लागि १.२५ हेक्टर सरकारी बन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने सम्बन्धमा नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७३/१२/२९ को निर्णय बमोजिम भएको सम्झौता अनुसार प्रति हेक्टर रु. ३,५००।- प्रति बर्षका दरले गौरीशंकर संरक्षण क्षेत्र कार्यालयलाई सम्झौता अनुसार भुक्तनी गर्ने गरी लिजमा लिएको ।

(३) यदि सम्पत्ति संगठित संस्थाको स्वमित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण : कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति आयोजना सञ्चालन तथा निर्माणको लागि लिएको कर्जाको लागि लिड बैंक प्राईम कमर्सियल बैंक लि., को-लिड बैंक नबिल बैंक लि. र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सह-वित्तियकरणमा सहभागी बैकहरुको नाउँमा धितोबन्धक रहेको छ ।

(४) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सोको विवरण: कम्पनीको सम्पत्तिहरुको मूल्य परल मोलमा नै राखिएको र पुनर्मूल्यांकन गरिएको छैन ।

(५) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण : लागु नहुने ।

## (ग) कम्पनीको भावी योजना तथा रणनीति :

### (१) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :

कम्पनीले आफ्नो व्यवसाय वा सेवाको वृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन् ।

- कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित हुने ।
- नयाँ जलविद्युत आयोजनाहरुको पहिचान तथा सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने ।
- कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोगवाट विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई विक्री गर्ने ।
- कम्पनीले आफ्नो उद्देश्य प्राप्तीका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।
- कम्पनीले धितोपत्र दर्त्ता तथा निष्काशन नियमावली,२०७३ को नियम ९ को ३ बमोजिमका व्यवस्थाहरु पालना गरिएको छ ।

### (२) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :

नेपालमा जलविद्युत उत्पादनको प्रचुर संभावना रहेको भएपनि वर्तमान अवस्थामा विद्युतको माग र आपुर्ति बीच ठूलो खाडल रहेको छ । जसले गर्दा विगतमा नेपाली जनताले चर्को लोडसेडिङको मार खेप्नु परिरहेको थियो भने हाल नेपालमा विद्युतिय रेल, विद्युतिय सवारी साधन, रोप-वे, मोनो रेल आदिको विकास र विस्तार गर्ने योजनाहरु सरकारले अघि बढाउनु तथा उद्योग र कृषि क्षेत्रमा पनि विद्युतको माग अत्यधिक रहेको छ भने निजीक्षेत्रमा समेत विजुली प्रयोग गर्ने जनसंख्या निरन्तर बढिरहेका छन । देशको कतिपय स्थानहरुमा विजुली पुर्‍याउनु पर्ने अवस्था अझै विद्यमान रहेकोले राज्यलाई आवश्यक पर्ने विद्युत उत्पादनको आवश्यकता अत्यधिक

रहेको छ । साथै, यस क्षेत्रको पर्याप्त विकास हुन सके छिमेकी मुलुकहरुमा निर्यात गर्न पनि सकिने सम्भावना प्रशस्त रहेको छ । त्यसैले यो व्यवसायमा प्रतिस्पर्धाको कारण उद्योगलाई कुनै पनि प्रकारको नकारात्मक असर पर्ने सम्भावना ज्यादै नै न्यून रहेको छ । यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताका लागि अगाडि बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाको पहिचान तथा विकास गर्दा अन्य वस्तु तथा सेवा व्यवसायको जस्तो प्रतिस्पर्धाबाट कुनै पनि प्रकारको जोखिम सिर्जना हुने अवस्था देखिदैन ।

**(३) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः**

कम्पनीको नियमावलीको नियम २७ मा देहाय बमोजिमका ९(नौ) जनाको संचालक सदस्य रहेको एक संचालक समिति हुने व्यवस्था रहेको छ :

क) संस्थापक समुहबाट ५ जना

ख) सर्वसाधारण शेयरधनीहरुबाट २ जना

ग) स्वतन्त्र विशेषज्ञ २ जना

घ) **संचालक हुनका लागि लिनुपर्ने न्यूनतम शेयरसख्या :** यस कम्पनीको संचालकको पदमा नियुक्ति हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एकसय) कित्ता शेयर लिएको हुनु पर्दछ ।

तर, स्वतन्त्र संचालक र संगठित संस्था वा व्यवस्थापन ठेकेदारको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**(४) धितोपत्र दर्त्ता तथा निष्काशन नियमावलीको नियम ९को उपनियम ३ सम्बन्धी व्यवस्थाः**

क) कम्पनीले उद्धेश्य अनुसारको कारोवार सञ्चालन गर्नका लागी २०६८ साल देखि आयोजना निमार्ण कार्य गरेको ।

ख) प्रचलित कानुन अनुसार लेखापरीषण सम्पन्न गरी बार्षिक साधारण सभा सम्पन्न गरेको छ ।

ग) कम्पनीले उद्धेश्य अनुसारको कारोवार सञ्चालन गर्नका लागी नियमनकारी निकायहरुबाट आवश्यक स्विकृति लिएकोछ ।

घ) कम्पनीलाई आवश्यक पर्ने जग्गा खरिद,भवन तथा गोदनमघर निर्माण सम्पन्न गरिसकेकोछ ।

ङ) आयोजनाको लागी आवश्यक उपकरणहरु खरिद गरी जडान प्रकृयामा रहेकोछ ।

च) निष्काशन तथा बिक्रि प्रबन्धकको नियुक्ति गरि आवश्यक प्रकृया अगाडी बढाइएकोछ ।

छ) आयोजनाको निर्माण अवधि भर ऋण र पुंजीको अनुपात निर्देशिकामा तोके बमोजिम राख्न कम्पनी मंजुर गर्दछ ।

ज) संस्थापकहरुले लिन मञ्जुर गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भइसकेकोछ ।

## ४. पूँजी संरचना सम्बन्धी विवरणः

### (क) पूँजीको संरचना :-

### (१) अधिकृत पूँजी (Authorised Capital):

कम्पनीको अधिकृत पूँजी रु.२,५०,००,००,०००/- (दुई अर्ब पचास करोड मात्र) हुने छ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका २,५०,००,००० ( दुई करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(२) **जारी पूँजी (Issued Capital):**

कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. १,८०,००,००,०००/- (एक अर्ब असी करोड मात्र) हुने छ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका रु. १,८०,००,००० (एक करोड असी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(३) **चुक्ता पूँजी (Paid up Capital):**

कम्पनीको जारी पूँजी मध्ये संस्थापकहरुले तत्काल चुक्ता गरेको पूँजी रु. १,४४,००,००,०००/- (एक अर्ब चवालीस करोड मात्र) रहेको छ। उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि यस विवरणपत्र मार्फत निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु. १,६२,००,००,०००/- (एक अर्ब बासठ्ठी करोड मात्र) हुनेछ र सर्वसाधारण तथा कर्मचारीहरुको लागि छुट्टयाइएको पूरै शेयर निष्काशन भएपछि कम्पनीको चुक्ता पूँजी रु. १,८०,००,००,०००/– (एक अर्ब असी करोड मात्र) हुनेछ

**कम्पनी संस्थापना भए पश्चात पूँजी संरचनामा भएको परिवर्तन सम्बन्धी विवरणः**

| सि.नं. | अधिकृत पूँजी रु | जारी पूँजी रु. | कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति |
|---|---|---|---|
| १ | २ अर्व ५० करोड | २ अर्व ५० करोर्ड | २०६७/१२/३० गते |
| २ | – | १ अर्व ७२ करोड | २०७४/०३/०९ गते |
| ३ | – | १ अर्व ८० करोड | २०७४/१२/२१ गते |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोहि अनुरुप):**

**उद्योग प्रभावित स्थानिय बासिन्दालाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात कम्पनीको पूँजी संरचना :**

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना | चुक्ता पूँजी रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनी | १,४४,००,००० | ८०% | १,४४,००,००,०००÷– | शतप्रतिशत |
| ख | उद्योग प्रभावित क्षेत्र | १८,००,००० | १०% | १८,००,००,०००÷– | शतप्रतिशत |
| ख | सर्व साधारणहरु (कर्मचारी समेत) | १८,००,००० | १०% | १८,००,००,०००÷– | शतप्रतिशत |
| | **जम्मा** | **१,८०,००,०००** | | **१,८०,००,००,०००÷–** | |

नोटः सर्वसाधारणहरुलाई बिक्रि गरिने शेयर निष्काशन हुन बाँकि रहेकोछ।

**(ग) शेयर प्रिमियम खाता (निष्कासन पुर्व र निष्कासन पश्चात)**

निष्कासित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरीएको हुँदा शेयर प्रिमियम खाता आवश्यक नरहेको।

## ५. संस्थापक/संचालक सम्बन्धी जानकारी :

### (क) संस्थापक/संचालकहरुको पृष्ठभूमी :

(१) आधारभुत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

**आधारभुत शेयरधनीको विवरण:**

| क्र.सं. | नाम | ठेगाना | उमेर | राष्ट्रियता | शैक्षिक योग्यता | शेयर स्वामित्व कित्ता | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | श्रीमती याङचेन डोमा लामा | वडा न. ४, ललितपुर | ६२ | नेपाली | एस.एस.ई.(+ टु) | ३७,१८,४२० | २०५० देखि Vegitable Carpate Manufacture Pvt. Ltd. मा सम्लग्न, २०६५ देखि हालसम्म हाइड्रो पावर क्षेत्रमा संलग्न । |
| २. | श्री ग्रीनलाइफ इन्भेष्टमेन्ट कम्पनी प्रा.लि | वडा न. ४, बागडोल, ललितपुर | | नेपाली | | २३,४७,२२० | |
| ३. | श्री कञ्चनजंगा इन्भेष्टमेन्ट कम्पनी प्रा.लि | वडा न. ४, बागडोल, ललितपुर | | नेपाली | | २१,२२,००० | |
| | | | | | | | |

**संचालकहरुको विवरण :,**

| क्र. सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व कित्ता | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्रीमती याङचेन डोमा लामा | अध्यक्ष | ६२ | नेपाली | वडा न. ४, ललितपुर | ३७,१८,४२० | एस.एस.ई. (+ टु) | २०५० देखि Vegitable Carpate Manufacture Pvt. Ltd. मासम्लग्न, २०६५ देखि हालसम्म हाइड्रोपावर क्षेत्रमा सम्लग्न । |
| २. | श्रीमती केसाङ्ग डिकी लामा | सञ्चालक | ४२ | नेपाली | वडा न. ४, ललितपुर | ६,४४,३०० | एम. बि. ए. | २०५० देखि Vegitable Carpate Manufacture Pvt. Ltd. मा सम्लग्न, २०६५ देखि हालसम्म हाइड्रोपावर क्षेत्रमा सम्लग्न । |
| ३. | श्री भुषण थापा | सञ्चालक | ४३ | नेपाली | वडा न. १८, ललितपुर | ४,९७,५०० | वि.वि.ए. | २०१० देखि हाइड्रो पावर व्यवसायमा संलग्न, अस्ट्रेलियाको MACQUARIE Bank मा ३ बर्ष काम गरेको । |
| ४. | श्री बटु लामिछाने | सञ्चालक | | नेपाली | विष्णु ४, बुढानिलकण्ठ, काठमाण्डौ | ५,५०,००० | बि.कम | Hydropower developer and Electro-Mechanical Equipment Supplier ( Involve in Hydropower since 1995) |
| ५. | श्री छेतेन वाङ्गेल खाङकर लामा | सञ्चालक | ४२ | नेपाली | वडा न. ४, ललितपुर | १,७६,००० | बि.कम | विगत १५ बर्ष (२०६५) देखि कार्पेट व्यवसायमा संलग्न, २०६८ देखि हाइड्रो पावरमा संलग्न, |
| ६. | श्री धर्मेन्द्र अग्रवाल | सञ्चालक | ४६ | नेपाली | वडा न. ९, धुलावारी, झापा | १,९९,००० | वि.कम. | विगत ३० वर्ष (२०४५ साल) देखि आयात निर्यात व्यवसायमा संलग्न |
| ७ | श्री तेन्जिङ्ग जम्पे लामा | प्रबन्ध सञ्चालक | ३९ | नेपाली | ललितपुर | – | एम.टेक (Electrical Computer Science) र एम.बी.ए | २०६८ साल देखि हाइड्रो पावर व्यसायमा संलग्न । |

साथै, कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ तथा सूचिकृत सङ्गठीत संस्थाहरुको संस्थागत सुशासन सम्बन्धि निर्देशिका २०७४ को पूर्ण पलना भएको छ । विशेषज्ञ संचालक पद हाल रिक्त रहेको छ ।

(२) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

| क्र.सं. | नाम | **ठेगाना** | **सञ्चालकको नाम, ठेगाना** | **उद्धेश्य** |
|---|---|---|---|---|
| **१** | श्री इन्जेन कन्सल्टेन्सी प्रा.लि. | वडा नं. ४, ललितपुर | श्रीमती याङचेन डोमा लामा - वडा न. ४, बागडोल, ललितपुर र श्री तेन्जिङ्ग जम्पे लामा | विभिन्न परियोजना सस्थापनाको लागी कन्सल्टेन्सी सेवा प्रदान गर्ने । |
| **२** | श्री मौलाकाली इन्भेष्टमेन्ट कम्पनी प्रा.लि | वडा न. १२, बुडानिलण्ठ | श्री छविलाल सिटौला, लखनपुर गा.वि.स.३, झापा | विभिन्न कम्पनीको शेयरमा लगानी गर्ने । |
| **३** | श्री ग्रीनलाइफ इन्भेष्टमेन्ट कम्पनी प्रा.लि | वडा न. ४, बागडोल, ललितपुर | श्रीमती याङचेन डोमा लामा - वडा न. ४, बागडोल, ललितपुर, सुश्री डोल्कर ल्हामु लामा - वडा न. ४, बागडोल, ललितपुर, श्रीमति केसाङ्ग डिकी लामा - वडा न. ४, बागडोल, ललितपुर, | भौतिक पुर्वाधार निर्माण, हाइड्रोपावर, जल विद्युत उत्पादन वितरण एंव बिक्रि गर्ने उद्धेश्य भएका पब्लिक तथा प्रा.लि. कम्पनीहरुको शेयरमा लगानी गर्ने । |
| **४** | श्री कञ्चनजंगा इन्भेष्टमेन्ट कम्पनी प्रा.लि | वडा न. ४, बागडोल, ललितपुर | श्रीमती याङचेन डोमा लामा - वडा न. ४, बागडोल, ललितपुर, श्री तेञ्जिङ्ग जम्पे लामा - वडा न. ४, बागडोल, ललितपुर, श्री उदयरत्न ताम्राकार - का.म.न.पा. २०, काठमाडौं, श्री विजयरत्न ताम्राकार - का.म.न.पा. २०, श्री प्रदिपरत्न ताम्राकार - का.म.न.पा. २०, | भौतिक पुर्वाधार निर्माण, हाइड्रोपावर, जल विद्युत उत्पादन वितरण एंव बिक्रि गर्ने उद्धेश्य भएका पब्लिक तथा प्रा.लि. कम्पनीहरुको शेयरमा लगानी गर्ने । |
| **५** | श्री साशा इन्भेष्टमेन्ट कम्पनी | वडा न. ४, ललितपुर | श्रीमती याङचेन डोमा लामा - वडा न. ४, बागडोल, ललितपुर | भौतिक पुर्वाधार निर्माण, हाइड्रोपावर, जल विद्युत उत्पादन वितरण एंव बिक्रि गर्ने उद्धेश्य भएका पब्लिक तथा प्रा.लि. कम्पनीहरुको शेयरमा लगानी गर्ने । |

(३) संगठित संस्थाका संचालकहरु, अन्य कुनै संस्था, कोष संगठनसंग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम ठेगाना :

| क्र.सं. | नम | सम्वन्धित रहेको संस्था, फर्म र कम्पनीहरु |
|---|---|---|
| १. | श्रीमती याङचेन डोमा लामा | श्री ग्रीनलाइफ इन्भेष्टमेन्ट कम्पनी प्रा.लि, श्री कञ्चनजंगा इन्भेष्टमेन्ट कम्पनी प्रा.लि, श्री शासा इन्भेष्टमेन्ट प्रा.लि. । |
| २. | श्रीमती केसाङ्ग डिकी लामा | श्री ग्रीनलाईफ इन्भेष्टमेन्ट कम्पनी प्रा.लि । |
| ३. | श्री भुषण थापा | AVANI HOLDING Pvt. Ltd. . |
| ४. | श्री बटु लामिछाने | Heldung Hydropoer Project (480 kw), Humla<br>Gamgad Hydropower Project (480 kw),Mugu<br>Ridi Hydropower Project (2.4 mw), Gulmi<br>Seti-II Hydropower Project (1 mw), Kaski<br>Mardi Hydropower Project (3.2 mw), Kaski<br>Bijaypur Hydropower Project (4.5 mw), Kaski<br>Chotte Khola Hydropower Project (993 kw), Gorkha<br>Thoppal Khola Hydropower Project (1750 kw), Dhading<br>Ankhu Hydropower Project (8.4 mw), Dhading<br>Khani Khola Small Hydropower Project (2.2 mw), Lalitpur (under construction)<br>Tungun-Thosne Hydropower Project (4.2 mw), Lalitpur (under construction)<br>Existing Chaku Hydropower Project (3 mw), Sindhupalchowk<br>Upper Chaku ‘A’ Hydropower Project (22.2 mw), Sindhupalchowk<br>Middle Chaku Hydropower Project (1.8 mw), Sindhupalchowk<br>Lower Chaku Hydropower Project (1.8 mw), Sindhupalchowk<br>Upper Hadi Hydropower Project (1 mw), Sindhupalchowk<br>Gelun Khola Hydropower Project (3.2 mw), Sindhupalchowk (under construction)<br>Shiprin Hydropower Project (10 mw), Dolakha<br>Khani Khola Hydropower Project (25 mw), Dolakha (under construction)<br>Jiri Hydropower Project (2.2 mw), Dolakha<br>Singati Hydropower Project (25 mw), Dolakha (under construction)<br>Hewa Hydropower Project (3 mw), Sankhusabha<br>Sabha Hydropower Project (4.2 mw), Sankhusabha<br>Midim Khola Hydropower Project (3 MW), Lamjung<br>Pikhuwa Hydropower Project (2.5 mw), Bhojpur (under construction)<br>Pheme Hydropower Project (1 mw), Panchtar<br>Phidim Hydropower Project (250 kw), Panchtar<br>Lower Phidim Hydropower Project (150 kw), Panchtar<br>Mai Khola Hydropower Project (4.5 mw), Ilam<br>Puwa Khola Hydropower Project (3 mw), Ilam |
| ५. | श्री छेतेन वाङ्गेल खाङकर लामा | Vegitable Carpate Manufacture Pvt. Ltd. |
| ६. | श्री धर्मेन्द्र अग्रवाल | श्री काठमाण्डौ क्यापिटल मार्केट लि. । |
| ७. | श्री तेन्जिङ्ग जम्पे लामा | श्री कञ्चनजंगा इन्भेष्टमेन्ट कम्पनी प्रा.लि । |

सञ्चालकहरुले संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४ तथा कम्पनी ऐन, २०६३को दफा ८९को उपदफा (१) छ को पुर्णरुपमा पालना भएको छ ।

(४) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :

(क) कम्पनीले, कम्पनी ऐन २०६३ को अधिनमा रही अधिकृत पुँजी तथा जारी पुँजी वृद्धि गर्न र साधारण शेयर विक्री गरी पुँजी उठाउन सक्नेछ। तर, त्यसरी शेयर विक्री गर्दा कम्पनीको प्रबन्धपत्रको दफा६ को खण्ड (घ) वमोजिम जारी पुँजीको २० प्रतिशत शेयर सर्वसाधारणका निमित्त सुरक्षित गरिनेछ।

(ख) कम्पनीले प्रचलित कानुनको अधिनमा रही आफ्नो शेयर व्यक्ति वा संगठित संस्थालाई विक्री गर्न सक्नेछ।

(ग) "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (९) को उपनियम (६) मा भएको व्यवस्था अनुरुप उद्योग प्रभावित क्षेत्रका बासिन्दालाई बिक्रि वितरण गरेको शेयर बाँडफाँट भएको मितिले कम्तीमा तीन बर्ष पूरा नभएसम्म बिक्री वितरण गर्न पाइने छैन।

(घ) सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी स्थानीय बासिन्दाले २० कित्ता तथा अन्य(सर्वसाधारण) लगानीकर्ताहरुले न्यूनतम ५० कित्ता शेयर वा अधिकतममा ९,००० (नौ हजार) कित्ता शेयर खरिद गर्नका लागि निवेदन गर्न सकिनेछ। तर, हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन।

(५) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी कानून र धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

**(ख) संस्थापक/संचालकसंगको कारोबार :**

(१) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरणः कम्पनी सञ्चालनको लागी मासिक पारीश्रमिक पाउने गरी ३ जना सञ्चालकलाई नियुक्ति गरिएको छ। सो वाहेक अन्य कुनै सुविधा प्रदान गरेको छैन।

(२) बुँदा (१) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका : साधारण सभाको निर्णयबाट।

## ६. सिमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीको स्थापना प्रचलित कानून अन्तर्गत ग्रीनलाइफ इनर्जी प्रा.लि. को रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६६/०६/०४ गते दर्ता भई आयोजना निर्माण कार्य सुरु गरिएकोमा मिति २०७४/०३/०९ गते पब्लिक लिमिटेड कम्पनीको रुपमा "ग्रीनलाईफ हाईड्रोपावरलिमिटेड"को नामबाट कार्य गर्दै आइरहेको छ। यसमा शेयरधनीहरुको दायित्व निजहरुले खरीद गरेको वा गर्न कबुल गरेको शेयरको अंकित मूल्य रकमसम्म मात्र सिमित रहनेछ।

## ७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :

### (क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु सम्बन्धी विवरण :

(१) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरुको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण। साथै, त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने सम्बन्धी विवरणः

**व्यवस्थापनको विवरण:**

| क्र. सं. | नाम | नियुक्ति मिति | पद | शैक्षिक योग्यता | कम्पनीमा लिएको शेयर संख्या | लगानीको विवरण | कार्य अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | श्री तेन्जिङ्ग जम्पे लामा | २०६६/०६/०५ | प्रबन्ध सञ्चालक | एम.टेक (Electrical Computer Science) र एम.बी.ए | – | श्री कञ्चनजंगा इन्भेष्टमेन्ट कम्पनी प्रा.लि २०,००० कित्ता शेयर | २०६८ साल देखि हाइड्रो पावर व्यसायमा संलग्न । |
| २. | श्री भुषण थापा | २०६८/०८/०१ | पब्लीक रिलेशन सञ्चालक | स्नातक, व्यवस्थापन | ४,९७,५०० | AVANI HOLDING Pvt. Ltd.। १०० प्रतिशत | २०१० देखि हाइड्रो पावर व्यवसायमा संलग्न, अस्ट्रेलियाको MACQUARIE Bank मा ३ बर्ष काम गरेको । |
| ३. | श्रीमती केसाङ्ग डिकी लामा | २०६७/०९/०१ | वित्त व्यवस्थापन सञ्चालक | एम. बि. ए. | ६,४४,३०० | श्री ग्रीनलाइफ इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. ४,५२,५०० कित्ता शेयर आधारभुत शेयर धनी भएको । | विगत १० बर्ष (२०६५) देखि कार्पेट व्यवसायमा संलग्न, २०६८ देखि हाइड्रो पावरमा संलग्न |

**माथि उल्लेखित कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी नभएको**

(२) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडीको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो उल्लेख गर्नुपर्ने : सो नभएको ।

(३) कर्मचारी संख्या :स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।

| क्र.सं. | कुल कर्मचारी संख्या | स्थायी | अस्थायी | करार, | ज्यालादार | अन्य |
|---|---|---|---|---|---|---|
| १ | १६ | ० | १६ | ० | ० | ० |

**(ख) संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण:**

**(१) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :** आयोजनामा प्रत्यक्ष संलग्न संचालक वाहेक कम्पनीका अन्य संचालकहरुलाई संचालक समितिको बैठकमा भाग लिए वापत कुनै भत्ता तथा सुविधा प्रदान गरिएको छैन् भने दैनिक तथा भ्रमण भत्ता प्रबन्ध सञ्चालकलाई बिल बमोजिम दिने व्यवस्था गरिएको छ ।

(२) **संचालक एव उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरणः**

| **सि. नं.** | **नाम** | **पद** | शैक्षिक योग्यता | अनुभव | एक बर्ष भित्र अर्थात् २०७४ श्रावण देखि २०७५ आषाढ सम्ममा भुक्तानी गरेको पारिश्रमिक | **मुख्य कामको विवरण** |
|---|---|---|---|---|---|---|
| १. | श्री तेन्जिङ्ग जम्पे लामा | प्रबन्ध सञ्चालक | एम.टेक (Electrical Computer Science) र एम.बी.ए | २०६८ साल देखि हाइड्रो पावर व्यसायमा संलग्न । | रु.२८,१२,५००।- ( दशै खर्च समेत) | कम्पनीको योजना बनाउने, सुपरभिजन गर्ने आदी । |
| २. | श्री भुषण थापा | पब्लीक रिलेशन सञ्चालक | स्नातक, व्यवस्थापन | २०१० देखि हाइड्रो पावर व्यवसायमा संलग्न, अस्ट्रेलियाको MACQUARIE Bank मा ३ बर्ष काम गरेको । | रु.१२,५०,०००।- (दशै खर्च समेत) | आयोजनाको कार्य संग सम्बन्धित सुचना आदन प्रदान गर्ने साथै नियमनकारी निकायहरुमा समन्वयन गर्ने आदी । |
| ३. | श्रीमती केसाङ्ग डिकी लामा | वित्त व्यवस्थापन सञ्चालक | एम. बि. ए. | विगत १० बर्ष (२०६५) देखि कार्पेट व्यवसायमा संलग्न, २०६८ देखि हाइड्रो पावरमा संलग्न | रु.१२,५०,०००।- (दशै खर्च समेत) | बैक तथा वित्तीय संस्था हरु संग सहकार्य गरी कम्पनीको वित्त व्यवस्थापन गर्ने आदी । |

**(ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरणः** हालसम्म त्यस्तो कुनै करार गरिएको छैन ।

## ८. अर्न्तीनिहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणाः

कम्पनीले बहन गरेको वा गर्ने जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिर प्रमुख रुपमा देहायका जोखिमहरु रहेका छन् ।

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :

- निर्माणधिन आयोजनामा विदेशी विनिमय दरमा परिवर्तन भएबाट वित्तीय जोखिम रहेको छ ।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :

- जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :

- उत्पादित सम्पुर्ण बिद्युत शक्ति नेपाल बिद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएकोले बजारको जोखिम नरहेको ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :

- नभएको ।

(ङ) विदेशी विनिमयको जोखिम :

– विदेशी विनिमय दरमा परिवर्तन भएमा इलेक्ट्रोमेकानिकल तथा पेनस्टक पाइप खरिदमा अमेरिकन डलर मा हुने परिवर्तनले करिब रु.१० करोडले खर्चमा बृद्धि हुन सक्ने छ ।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्दा सोबाट पर्न सक्ने असरहरु :

– हाल कम्पनिले पुरा गनुपर्ने सम्पुण कानूनी प्रक्रियाहरु पुरा गरिसकेको रप्राप्त गनुपर्ने इजाजत पत्रहरु प्राप्त गरि सकेकोले हाल निमाणीधिन आयोजनालाई सो जोखिम नरहेको ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरणका कारणबाट उत्पन्न हुन सक्ने जोखिम :

– अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :

– नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय निति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु

– कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा ।

– जलविद्युत उपकरणहरु आयात सम्बन्धी नीतिहरु परिवर्तनबाट हुन जोखिमहरु ।

(झ) संचालन इतिहासको अभावः :

– कम्पनीले निर्माण गरिरहेको ४० मे.वा क्षमताको जलविद्युत आयोजना मिति २००९ (२०६७ साल) देखि परियोजनास्थलमा परियोजनाको कार्य प्रारम्भ भई हालसम्म निरन्तर भइरहेको छ ।

(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम : जलविद्युत आयोजना निमार्णको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपरकणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट विद्युत उपकरणहरु फेज आउट भएमा ।

(ट) अन्य जोखिम

(१) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

(२) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

(३) प्राकृतिक प्रकोप/ विपत्तिका कारणले आउन सक्ने जोखिम ।

(४) रु.१००/– प्रति शेयरका दरले निष्काशित शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको छ । उर्जा विभिन्न श्रोतवाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत, इत्यादी । नेपाल जलश्रोतको धनि देश भएको र अन्य विद्युत उर्जाको स्रोतहरु भन्दा पानीवाट उत्पादन हुने विद्युतलाई भरपर्दो मानिन्छ । उर्जाका लागी जलविद्युतको आवस्यकता र महत्व कहिल्यै कम नहुने, जलविद्यूत आयोजनाको लगानीमा अन्य स्रोत भन्दा न्यून जोखिम रहेको र यस प्रकारको आयोजनाले वातावरणमा पनि न्यून प्रभाव पर्ने व्यवस्थापनको धारणा रहेको छ । त्यस कारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीवाट भरपर्दो विद्युत उत्पादन गर्न सकिने र यसको लागत पनि अन्य उर्जाका श्रोत भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा जलविद्युत आयोजनाहरुमा जोखिम कम रहेको धारणा व्यवस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्था, आयोजनाको संरचना, मेसिन, औजार, तथा उपकरणहरुको जोखिमलाई न्यूनिकरण गर्न विमाको व्यवस्था तथा दैवी प्रकोपवाट हुन सक्ने सम्भावित जोखिमका कारण उत्पादन हुन नसकेको विद्युतको पनि विमा गरिनेछ । कम्पनीले सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्न निम्न अनुसारको विमा गरेकोछ ।

| सि.नं. | कम्पनीको नाम | विमा प्रकार | बिमा रकम रु. | बिमा शुल्क | विमा गरेको मिति | समयावधि | रक्षावरण |
|---|---|---|---|---|---|---|---|
| १ | श्री शिखर इन्स्युरेन्स लि | ELECTROMECHANICAL EQUIPMENT | ८०९६००४००/- | १३५८०२३/६४ | ई.स.२०१८/१०/२८ | ई.स.२०१९/०१/२६ | आगलागी तथा चट्याङ्ग र घरेलु उपकरणको विष्फोटन, भुकम्प, विष्फोटन,बाढी तथा जलमग्न, पहिरो तथा जमिन भासिने, हुरीबतास तथा आँधिबेरी, हुलदंगा तथा तोडफोड, द्वेशपूर्ण कार्य, बिध्वंसात्मक गतिविधि तथा आतंकवाद आदी |
| २ | श्री नेपाल इन्स्युरेन्स कम्पनी लि | ELECTROMECHANICAL EQUIPMENT | २६४१७५१०/५० | १३२५१५८/०० | ई.स.२०१७/०८/०२ | ई.स.२०१९/०८/०२ | Earthquake,Fire and,shock, Landslide/ Rockslide/ Subsidence, Fiood/ Innundation,Storm/ Tempest/ Hurricace/ Typhoon/Cyclone etc. |
| ३ | श्री शिखर इन्स्यरेन्स लि | निसान बा.३च.६५८८ | ३४००००० /- | २८८२९/६९ | ई.स.२०१८/०२/२७ | ई.स.२०१९/०२/२६ | तेस्रो पक्ष, आगजनी, हुलदङ्गा, चोरी, क्षति आदी |
| ४ | श्री प्रिमियर इन्स्युरेन्स कम्पनी नेपाल लि | ELECTROMECHANICAL EQUIPMENT | ७०९७४८४८/- | ५७३४५५/७९ | ई.स.२०१७/१२/२६ | ई.स.२०२०/१२/२५ | Earthquake, Volcanism, tsunami, Storm, Cyclone, Flood, Innundation, Landslide |
| ५ | श्री शिखर इन्स्युरेन्स लि | ब.७ख ९२३४ | १९६२२२५/- | २७३८४/६१ | ई.स.२०१८/०८/०३ | ई.स.२०१९/०८/०२ | तेस्रो पक्ष, आगजनी, हुलदङ्गा, चोरी, क्षति आदी |

९. वित्तीय विवरणः

(क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

(क) कम्पनीको लेखापरीक्षण भएको पछिल्लो वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब र नगद प्रवाहको विवरण :

**वासलात (२०७५ आषाढ मसान्तको लेखापरीक्षण भएको)**

रु. हजारमा

| विवरण | रकम रु. हजारमा |
|---|---|
| **पूंजी तथा दायित्व** | |
| **शेयर होल्डरहरुको कोष** | |
| शेयर पुंजी | १,४४०,००० |
| **ऋण तथा सापटी** | |
| क) दिर्घकालिन ऋण | २,८६१,४५४ |
| ख) विविध साहु (व्यापारिक तथा अन्य भूक्तानी गर्नूपर्ने रकम) | ३९,५९९ |
| **कुल दायीत्व** | **४,३४१,०५३** |
| **सम्पत्ति** | |
| खूद स्थिर सम्पत्ति | २६,२९७ |
| निर्माणाधिन परियोजना | ४,१८४,०१२ |
| **चालू सम्पत्ति** | |
| मौज्दात | - |
| अग्रिम खर्च | ५१६ |
| धरौटी तथा पेश्की | ४०६,९३२ |
| नगद तथा बैंक मौज्दात | ४,९२९ |
| **जम्मा चालु सम्पत्ति** | ४१२,३७७ |
| **चालु दायीत्व** | |
| अल्पकालिन ऋण | १७३,५३० |
| विविध साहु | १०८,१०३ |
| अन्य चालु दायीत्व | - |
| जम्मा चालु दायीत्व | २८१,६३३ |
| खुद चालु सम्पत्ति | १३०,७४३ |
| **कुल सम्पत्ति** | **४,३४१,०५३** |

## नाफा नोक्सान हिसाब (२०७४ श्रावण १ गते देखि २०७५ आषाढ मसान्त सम्मको)

रु.हजारमा

| क.सं. | विवरण | वास्तविक रु. |
|---|---|---|
| | विक्री आम्दानी | – |
| | अन्य आम्दानी | – |
| | **जम्मा आम्दानी** | |
| | बिक्रिको लागत | – |
| | **मोटामाटी  नाफा** | – |
| | **व्यावसायीक खर्च** | |
| | प्रशासकीय तथा साधारण खर्च | – |
| | वित्तिय खर्च | – |
| | बीमा खर्च | – |
| | रोयल्टी | – |
| | आयोजना मर्मत खर्च | – |
| | ह्रास खर्च | – |
| | **जम्मा खर्च** | – |
| | **कर्मचारी वोनस तथा आयकर व्यवस्था अघिको नाफा/(नोक्सान)** | – |
| | कर्मचारी बोनस व्यवस्था | – |
| | **कर अघिको नाफा /(नोक्सान)** | – |
| | आयकर व्यवस्था | – |
| | **कर पछिको खूद नाफा /(नोक्सान)** | – |
| | **नाफा नोक्सान बांडफांड हिसाव** | – |
| | गतबर्ष सम्मको संचित नाफा/(नोक्सान) | – |
| | चालू बर्षको संचित नाफा/(नोक्सान) | – |
| | **जम्मा** | – |
| | संचालन अघिको नोक्सानCapital WIP मासारेको | |
| | साधारण जगेडा कोष | – |
| | प्रस्तावित वोनस | – |
| | अन्य जगेडा कोष | |
| | **वासलातमा सारेको संचित नाफा/(नोक्सान)** | – |

**(ख) संचालन अवधि तीन वर्ष व्यतित भइसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भइनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान वासलात सहितको सक्षिप्त विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :**

**वासलात**

रु.हजारमा

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. २०७२/७३ | आ.ब. २०७३/७४ | आ.ब. २०७४/७५ |
| **शेयर पूँजी** | | | |
| क) शेयर पूँजी | १,००७,२६९ | १,०८८,५२६ | १,४४०,००० |
| ख) कल इन एडभान्स | ६९२१ – | ११५४७४ | – |
| ग) जगेडा कोष | | | |
| **ऋण तथा सापटी** | | | |
| क) दिर्घकालिन ऋण | २,१९०,२६३ | २,४९९,६३० | २,८६१,४५४ |
| ख) बिबिध साहु | ३१,९७६ | ३६,५२७ | ३९,५९९ |
| **कुल दायित्व** | **३,२३६,४२९** | **३,७४०,१५७** | **४,३४१,०५३** |

| सम्पत्ति | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. २०७२/७३ | आ.ब. २०७३/७४ | आ.ब. २०७४/७५ |
| स्थीर सम्पत्ति | १८,७९६ | २५,०४५ | २६,२९७ |
| निर्माणाधिन परियोजना | ३,२१७,४५८ | ३,६०२,५९९ | ४,१८४,०१२ |
| लगानी | – | – | – |
| स्थगन कर सम्पत्ति | – | – | – |
| **चालु सम्पत्ति** | | | |
| मौज्दात | – | – | – |
| अग्रिम खर्च | २२४ | ४५८ | ५१६ |
| धरौटी तथा पेश्की | ३५०,११८ | ३५२,९९९ | ४०६,९३२ |

| | | | |
|---|---|---|---|
| नगद तथा बैंक मौज्दात | १२,३२९ | ७,३७४ | ४,९२९ |
| **जम्मा चालु सम्पत्ति** | ३६२,६७१ | ३६०,८३१ | ४१२,३७७ |
| **चालु दायित्व** | | | |
| अल्पकालीन ऋण | १,१७७ | ६१,००१ | १७३,५३० |
| बिबिध साहु | ३६१,३१९ | १८७,३१८ | १०८,१०३ |
| अन्य चालु दायित्व | - | - | - |
| **जम्मा चालु दायित्व** | **३६२,४९६** | **२४८,३१९** | **२८१,६३३** |
| **खुद चालु सम्पत्ति** | १७५ | ११२,५१३ | १३०,७४३ |
| **कुल सम्पत्ति** | **३,२३६,४२९** | **३,७४०,१५७** | **४,३४१,०५३** |

नाफा नोक्सान हिसाब रु. हजारमा

| **विवरण** | **वास्तविक (रु. हजारमा)** | | |
|---|---|---|---|
| | **आ.ब. २०७२/७३** | **आ.ब. २०७३/७४** | **आ.ब. २०७४/७५** |
| १ विक्रीबाट आम्दानी | - | - | - |
| २ | - | - | - |
| कूल आम्दानी | - | - | - |
| ५. संचालन खर्च | - | - | - |
| ६. ह्रास खर्च | - | - | - |
| ७. व्याज खर्च | - | - | - |
| **कुल खर्च** | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पश्चिको खुद नाफा** | - | - | - |
| ९. कर्मचारी बोनस व्यवस्था | - | - | - |
| १०. संस्थागत सामाजिक उत्तरदायित्व व्यवस्था | - | - | - |
| ११. आयकर ब्यबस्था | - | - | - |
| यस वर्षको | - | - | - |
| गत वर्षको | - | - | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | - | - | - |
| **खुद मुनाफा/(नोक्सान)** | - | - | - |

नोटः आयोजना निर्माणधिन अवस्थामा रहेको साथै व्यावसायीक उत्पादन नभएकोले नाफा नोक्सान हिसाव गरिएको छैन ।

(ग) अर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्विकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण : नभएको ।

(घ) आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण : नभएको ।

(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा : सो नभएको ।

(च) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने : सो नभएको ।

(छ) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए

(अ) सम्पत्तिको विवरण,

(आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य,

(इ) पूनर्मूल्यांकनको औचित्य,

विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छैन ।

(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु,

**वासलात**

रु.हजारमा

| **पूँजी तथा दायित्व** | **प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|
| | **आ.ब. २०७५/७६** | **आ.ब. २०७६/७७** | **आ.ब. २०७७/७८** |
| **शेयर पूँजी** | | | |
| क) शेयर पूँजी | १,८००,००० | १,८००,००० | १,८००,००० |
| ख) जगेडा कोष | १०,६६१ | ४८,९२७ | १७६,९६० |
| **ऋण तथा सापटी** | | | |
| क) दिर्घकालिन ऋण | २,९९६,२३८ | ३,८०७,२३८ | ४,१४१,४१८ |
| ख) बिबिध साहु | - | - | - |
| **कुल दायित्व** | **४,८०६,८९९** | **५,६५६,१६५** | **६,११८,३७८** |

| सम्पत्ति | प्रक्षेपित (रु. हजारमा) | | |
| --- | --- | --- | --- |
| | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
| स्थीर सम्पत्ति | ४,८६२,१६२ | ४,६६३,९४३ | ५,८९३,९७६ |
| निर्माणाधिन परियोजना | - | ९५०,००० | - |
| लगानी | - | - | - |
| स्थगन कर सम्पत्ति | - | - | - |
| **चालु सम्पत्ति** | | | |
| मौज्दात | ५,५०० | १०,००० | १०,००० |
| अग्रिम खर्च | - | - | - |
| धरौटी तथा पेश्की | २६,९६४ | ६४,१२३ | ८१,०१३ |
| नगद तथा बैंक मौज्दात | ९८,५६४ | १७६,७५४ | ३५५,६६२ |
| **जम्मा चालु सम्पत्ति** | १३१,०२८ | २५०,८७७ | ४४६,६७५ |
| **चालु दायित्व** | | | |
| अल्पकालीन ऋण | १६,०७५ | ३७,८८६ | ४९,७०९ |
| बिबिध साहु | १७०,२१६ | १७०,७६८ | १७२,५६४ |
| अन्य चालु दायित्व | - | - | - |
| **जम्मा चालु दायित्व** | **१८६,२९१** | **२०८,६५५** | **२२२,२७३** |
| **खुद चालु सम्पत्ति** | (५५,२६३) | ४२,२२२ | २२४,४०२ |
| **कुल सम्पत्ति** | **४,८०६,८९९** | **५,६५६,१६५** | **६,११८,३७८** |

## नाफा नोक्सान हिसाब

रु.हजारमा

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ |
| १ विक्रीबाट आम्दानी | २७५,५७१ | ६४९,४७८ | ८५२,१६० |
| २ | ९,२६१ | १६,७४० | २३,०४३ |
| **कुल आम्दानी** | २६६,३०९ | ६३२,७३९ | ८२९,११६ |
| ५. संचालन खर्च | २४,८७९ | ५४,४१५ | ६७,३३१ |
| ६. ह्रास खर्च | ७४,३३२ | १९८,२१९ | २२७,३६७ |
| ७. व्याज खर्च | १५६,४३७ | ३४१,८३९ | ४०६,३८५ |
| **कुल खर्च** | **२५५,६४९** | **५९४,४७२** | **७०१,०८४** |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **१०,६६१** | **३८,२६६** | **१२८,०३३** |
| ९.कर्मचारी बोनस व्यवस्था | - | - | - |
| १०. संस्थागत सामाजिक उत्तरदायित्व व्यवस्था | - | - | - |
| ११.आयकर ब्यबस्था | - | - | - |
| यस वर्षको | - | - | - |
| गत वर्षको | - | - | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | - | - | - |
| **खुद मुनाफा/(नोक्सान)** | **१०,६६१** | **३८,२६६** | **१२८,०३३** |
| शेयर संख्या (हजारमा) | १८,००० | १८,००० | १८,००० |
| प्रति शेयर आम्दानी (रु.) | ०.५९ | २.१३ | ७.११ |

कम्पनीको वित्तीय प्रक्षेपण कम्पनी आफैंले गरेको हो । यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको प्रमाणित गर्ने विशेषज्ञमा श्री आर.के.एस. एण्ड एशोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री राजेश शाह रहनु भएको छ ।साथै उक्त प्रक्षेपित वित्तीय विवरणलाइ कम्पनीको बाह्यलेखापरिक्षक श्री नवराज थपलिया ज्यू ले समेत प्रमाणित गर्नु भएको छ ।

**प्रक्षेपित गरिएको वित्तिय विवरणहरुको गणनाको आधारहरु देहाय वमोजिम रहेको छ :-**

| सि.नं | विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|
| १ | आम्दानी बृद्धि प्रतिशत | NA | २५९ | २३५ |
| २ | सञ्चालन खर्च प्रतिशत | NA | ११८ | २४ |
| ३ | कर्जामा औषत व्याज प्रतिशत | ९.०० | ११.०० | ११.० |

(१) विद्युत बिक्रीबाट प्राप्त आय गणना गर्दा विद्युत केन्द्रबाट विद्युत खरिद विक्री सम्झौताको निर्धारित विद्युत शक्ति (deemed energy) उत्पादन गर्न शतप्रतिशत क्षमतामा चल्ने आधार लिई गरिएको छ।

(२) विद्युतको व्यापारीक उत्पादन मिति २०७५/०९/०३ गते देखि भएको आधार लिइएको छ ।

(३) आयकर १० बर्ष सम्म पुरै छुट तथा ५ बर्ष ५० प्रतिशत छुट भएकोले सोही बमोजिम उल्लेख गरिएकोछ ।

(४) प्रक्षेपित गरिएको आ.व. मा नेपाल सरकारलाई तिरिने रोयल्टी खर्च कुल आम्दानीको २% गणना गरिएको छ ।

(५) बोनस, अपलेखन खर्च तथा रोयल्टी बाहेक कार्यालय संचालन खर्च २०७५/७६ मा ९.६६ आ.व. २०७६/७७ मा ९.०४ तथा आ.व. २०७७/७८ मा वार्षिक ९.२७% ले गणना गरिएको छ ।

(६) कम्पनीले आगामी ५ वर्ष सम्मको लागि थप कर्जा नलिने योजना रहेको छ ।

(७) कम्पनीले लिएको कर्जा रकममा आ.ब. २०७५/७६ मा नेपाल राष्ट्र बैंकबाट रिफाइनान्स गराउने स्वीकृति प्राप्त गरेकोले व्याजदर ११ प्रतिशतबाट ९ प्रतिशतले हिसाब गरिएको छ । अरु आर्थिक बर्षमा रिफाइनान्स प्राप्त भएमा सोहि बमोजिम व्याज हिसाब गरिने छ ।

**(ख) वित्तीय अनुपात सम्बन्धी विवरणः**

(क) संचालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतीत भै नसकेको अवस्थामा संचालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ ।

**प्रतिशेयर नेटवर्थ तथा प्रतिशेयर आम्दानी सम्बन्धी विवरणः**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| आय वर्ष | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| प्रति शेयर आम्दानी | - | - | - | ०.५९ | २.१३ | ७.११ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०० | १०० | १०० | १००.५९ | १०२.७२ | १०९.८३ |

(ख) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफलः

**रु.हजारमा**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| साधारण पुँजी | १००७२६९ | १०८८५२६ | १,४४०,००० | १,८००,००० | १,८००,००० | १,८००,००० |
| जगेडा तथा कोषहरु | - | - | - | १०,६६१ | ४८,९२७ | १७६,९६० |
| **न्युनः** | | | | | | |
| अपलेखन हुन बांकी | - | - | - | - | - | - |
| **खुद सम्पति (नेट वर्थ)** | १००७२६९ | १०८८५२६ | १,४४०,००० | १,८१,०६,६१ | १,८४,८९,२७ | १,९७,६९,६० |
| शेयर संख्या (हजारमा) | १००७३ | १०८८५ | १,४४,०० | १,८०,०० | १,८०,०० | १,८०,०० |
| **प्रति शेयर नेटवर्थ (रु.)** | १०० | १०० | १०० | १००।५९ | १०२।७२ | १०९।८३ |
| **नेटवर्थमा औषत प्रतिफल** | - | - | - | - | - | - |
| प्रति शेयर आम्दानी | - | - | - | ०।५९ | २।१३ | ७।११ |
| प्रति शेयर चुक्ता मुल्य रु. | १०० | १०० | १०० | १०० | १०० | १०० |

**निष्कासन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल** : नभएको ।

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशक कम्पनीले तयार गरेको हो ।। यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको प्रमाणित गर्ने विशेषज्ञमा श्री आर.के.एस. एण्ड एशोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री राजेश शाह रहनु भएको छ ।साथै उक्त प्रक्षेपित वित्तीय विवरणलाइ कम्पनीको बाह्यले खापरिक्षक श्री नवराज थपलिया ज्यू ले समेत प्रमाणित गर्नु भएको छ ।

## १०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :

### (क) धितोपत्र जारी गर्नुको उद्देश्यः

कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली (संशोधन सहित)मा भएको व्यवस्था अनुसार सर्वसाधारणहरुको लागि रु. ३६,००,००,०००/- रकम बरावर प्रति शेयर अंकित मूल्य रु. १००/- को ३६,००,००० कित्ता साधारण शेयर सर्वसाधारण तथा कर्मचारीहरुको निमित्त छुट्ट्याइएको छ। यसमध्ये आयोजना प्रभावित (उद्योग प्रभावित) क्षेत्रका स्थानिय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली अनुसार १८,००,००० कित्ता शेयर छुट्ट्याई आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) दोलखा जिल्लाको समुह (क) गौरीशंकर गाउँपालिका बडा न. ७ मार्वु बासिन्दाहरुका लागी  ३० प्रतिशत अर्थात ५४०,००० थान, समुह (ख) गौरीशंकर गाउँपालिका बडा न. ५ सुरी , ६ चंखु , ८ खारे र ९ गौरीशकर गाउँपालिका बासिन्दाहरुका लागी ४० प्रतिशत अर्थात ७२०,००० थान र समुह (ग) गौरीशंकर गाउँपालिका बडा न. १ र २  जुगु बडा न. ३ र ४ भ्याकु र विगु गाउँपालिका बडा न. ४ लादुक बासिन्दाहरुका लागी ३० प्रतिशत अर्थात ५४०,००० थान कित्ता शेयर स्थानिय बासिन्दालाई जारी गरि लगानीको अवसर दिने उद्देश्य लिइएको छ । साथै,आयोजना निर्माण गर्ने क्रममा छोटो अवधिको लागी लिएको सहवित्तियकरण कर्जा तथा अन्य दायित्व आंशिक रुपमा भुक्तानी गर्नु यस निष्कासनको मुख्य उद्देश्य हो ।

### (ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ, तत्सम्बन्धी विवरण :

उद्योग प्रभावित क्षेत्रका बासिन्दालाई निष्काशन गरी प्राप्त भएको रकम निम्न अनुसार कर्जा तथा दायित्व भुक्तानीमा प्रयोग गरिने छ ।

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | कर्जा भुक्तानी  छोटो अवधिको  (डिमाण्ड लोन) | १७,००,००,०००/– |
| २ | अन्य दायित्व भुक्तानी | १,००,००,०००/– |
| | **जम्मा** | **१८,००,००,०००/–** |

नोटः प्रक्षेपित वित्तीय विवरणमा उल्लेख गरिएको समयावधी भन्दा अगावै शेयर निष्काशनबाट रकम प्राप्त भएको अवस्थामा रकम प्राप्त हुनासाथ बैंक ऋण भुक्तानी गरिनेछ र प्राप्त शेयर निष्काशन रकमबाट खामेसम्म ऋण उपयोग गरिने छैन ।

(ख) शेयर निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा शेयर निष्काशनको उद्देश्य प्राप्ती गर्नका लागि अपनाइने बैकल्पिक व्यवस्था : अन्य जलविद्युत कम्पनीले शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भइसकेको छ । कथंकदाचित निष्काशन गरिने शेयर स्थानिय बासिन्दाहरुले पूर्ण रुपमा खरिद नगरेमा बांकी शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरिनेछ ।

(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने : कम्पनीको जलविद्युत आयोजना खानीखोला-१, प्रदेश नं. ३, दोलखा जिल्लाको गौरीशंकर गाँऊपालीका साविकको खारे र मार्बु गा.वि.स.मा रहेको खानी खोला, हनापु खोला र नाप्के खोलामा निर्माणको अन्तिम चरणमा पुगेको छ ।हनापु खोला र नाप्के खोलाको आयोजना सम्पन्न गर्न करिव रु. १ अर्ब ३५ करोड थप लाग्ने अनुमान गरिएकोछ । साथै आयोजनाको निर्माण कार्य सबै क्षेत्रमा एकै साथ भैरहेको छ र कामको प्रगति विवरण यस प्रकार छ ।

क पहिलो चरणको २५मे. वा.कार्य विवरण

| सि.नं. | कामको विवरण | सम्पन्न प्रतिशत | बाकि प्रतिशत |
|---|---|---|---|
| १ | CIVIL WORKS | | |
| | SURFACE HEADWORKS | ९०% | १०% |
| | UNDERGROUND HEADWORKS | ६०% | ४०% |
| | HEADRACE TUNNEL | १००% | ००% |
| | VERTICAL SHAFT | १००% | ००% |
| | POWERHOUSE | ९७% | ३% |
| | SWITCHYARD | ७५% | २५% |
| २ | TRANSMISSION LINE | ५०% | ५०% |
| ३ | HYDROMECHANICAL WORKS | ६०% | ४०% |
| ४ | ELECTROMECHANICAL | ७०% | ३०% |

आयोजनाको हाल सम्म करिब ९०% कार्य सम्पन्न गरिसकेको छ । सम्पन्न विवरण माथि उल्लेखित गरिएको छ ।

**ख** । हनापु खोला र नाप्के खोलाको आयोजना बाध बाहेक अन्य भौतिक पुवाधारहरु पहिलो चरणमानै निमार्ण गरिने भएकोले बाध निमाणको कार्य पहिलो चरण सम्पन्न भएपछि -करिब ३ महिना) गरिने छ ।

(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति उल्लेख गर्नु पर्ने : आयोजना निर्माण कार्य सम्पन्न भई मिति २०७५ चैत्र मसान्त भित्रमा परिक्षण उत्पादन गरिने र विद्युत प्राधिकरणसंग भएको सम्झौता तथा सहकार्यमा व्यवसायिक उत्पादन शुरु गरिने छ ।

(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मुल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससंग सम्झौता भएको भए सो को मूख्य मूख्य बूंदाहरु : Hunan Allonward Hydro-Generating Equpment Co. Ltd. संग अमेरिकी डलर ७५,६०,००० बराबरको इलेक्ट्रो मेकानिकल मेसिन खरिद गर्ने सम्झौता गरिएको छ ।

| सि.न. | कामको विवरण | सप्लायर्सको नाम | प्रस्तावित मूल्य | सप्लायर्ससंग सम्झौता भएको भए सो को मूख्य मूख्य बूंदाहरु |
|---|---|---|---|---|
| १ | ELECTROMECHANICAL EQUIPMENT | Hunan Allonward Hydro-Generating Equpment Co. Ltd. | अमेरिकी डलर ७५,६०,००० | सञ्चालनमा आएको १ बर्ष सम्म मर्मत सम्भार सहितको ग्यारेन्टी मेसिनको फुल क्षमतामा विधुत उत्पादन नभएमा सोको सम्पुणसोको जिम्मेवारी मेसिनको फुल क्षमतामा विधुत उत्पादन नभए सम्म ५ प्रतिसत रकम मार्जिनमा राख्ने । |

(च) कुनै पार्टीसंग प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण : सम्झौता नगरिएको ।

(छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृती, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगतका बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण : कम्पनीबाट निर्माण कार्यको अन्तिम चरणमा रहेको जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ४०,००० कि.वा. रहेको छ । उक्त विधुत उत्पादन भए पश्चात श्री नेपाल विधुत प्राधिकरणले खरिद गर्ने भएकोले अन्य प्रतिस्पर्धा गर्ने नभएको ।

(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत : दोलखा जिल्लाको गौरीशंकर गाऊँपालिकामा रहेका खानी खोला, हनापु खोला र नाप्के खोलाको पानी ।

(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत : दोलखा जिल्लाको गौरीशंकर गाऊँपालिकामा रहेका खानी खोला, हनापु खोला र नाप्के खोलाको पानी ।

(ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुपर्ने ।

| | |
|---|---|
| (अ) निष्काशन तथा विक्री प्रबन्धकलाई दिइने शुल्क | : रु.५,००,०००।– |
| (आ) ट्रष्टि (डिबेन्चर निष्काशनको हकमा) | : निष्काशन गरिने डिबेन्चर नभई साधारण शेयर भएकोले ट्रष्टि राख्नु नपर्ने । |
| इ) प्रत्याभुतिकर्ता शुल्क | : रु.४५०,०००। |
| ई) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क | : छैन । |
| उ) लेखापरिक्षकको शुल्क | : अनुमानित आर्थिक विवरण प्रमाणित गरे वापत शुल्क रु.५०,०००/–(कर बाहेक) |
| ऊ) दरखास्त तथा रकम संकलन गरेवापत तिर्नु पर्ने सेवा शुल्क | : शेयर निष्काशन तथा विक्री गर्दा प्राप्त हुने दरखास्त संख्या, संकलित रकम शेयर तथा बाँडफाँटको आधारमा संझौता बमोजिम हुने रकम । |

**(ग) सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै ब्यवस्था गर्न लागिएको छ भने तत्सम्वन्धी बिवरण :**

रु १०लाखमा

| सि.न. | कामको विवरण | अनुमानित लागत | २०७५आषढ मसान्त सम्मको खर्च | खर्च गन बाँकि |
|---|---|---|---|---|
| १ | Land and miitigationil expenses and infirastructure | ९०६.६४ | ७९४.९२ | १११.७२ |
| २ | Civil cost | १३५९.६९ | १०८५.२१ | २७४.४८ |
| ३ | Hydro mechinical work and penstock pipes | ५५५.४४ | २६५.७९ | २८९.६५ |
| ४ | Electromechanical | १२४९.८० | ७०६.६३ | ५४३.१७ |
| ५ | Transmission and distribution | १५९.७६ | १५९.०७ | ०.६८ |
| ६ | Other assets | २.५० | २.८६ | (०.३६) |
| ७ | Vehicle | ११.५४ | ११.०९ | ०४५ |
| ८ | Project development preoperating etc. | ८६१.८४ | ४०७.३६ | २७४.४८ |
| | Total project cost before IDC | ४९२१.२१ | ३४३२.९४ | १४९४.२७ |
| ९ | Interest during construction | १४६६.६८ | ११८४.८२ | २८१.८७ |
| | Total project cost | ६३९३.८९ | ४६१७.७६ | १७७६.१४ |

**(घ) प्रिमियममा धितोपत्र जारी गर्नु पर्ने भएमा (कारण र औचित्य):** नभएको ।

**(ङ) धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण:**

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रक्रिया :

धितोपत्रको अत्याधिक माग भएको खण्डमा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका २०७४ बमोजिम बाँडफाँट गरिनेछ । कम्पनीले स्थानीय बासिन्दाहरुलाई खरीद गर्न आव्हान गरको साधारण शेयर बिक्री नभई बाँकी रहेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम उक्त बाँकी रहेको शेयर सर्वसाधारणहरुमा थप गरी निष्काशन गरिनेछ ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :

यस विवरण-पत्र अनुसार जारी गरिएको साधारण शेयरहरुको बिक्री बन्द भएको मितिले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था अनुसार निर्धारित समय भित्र शेयरको बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्विकृत र अस्विकृत भएको व्यहोरा जनाईएको बाँडफाँट-पत्र र फिर्ता भुक्तानी रकम बुझाएको स्थानबाट नै फिर्ता भुक्तानी हुने व्यवस्था गरिनेछ। यस विवरण-पत्र मार्फत जारी गरिएको शेयर संख्या भन्दा बढी संख्यामा शेयर खरिदको लागि आवेदन प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको धितोपत्र दर्ता तथा निष्काशन अनुमति सम्बन्धी नियम अनुरुप बाँडफाँट गरिने छ । यदि, माग भन्दा कम शेयरको लागी आवेदन प्राप्त भएमा बिक्रि नभई बाँकी रहेको शेयर समेत सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा बिक्रि गरिनेछ ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाइ भएमा दिइने ब्याजदर :

धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार तोकिएको दिन भित्र शेयरको बाँडफाँड-पत्र र फिर्ता भुक्तानी दिन नसकिएमा सोही निर्देशिकाको दफा २९(३) बमोजिम धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन सुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदर को आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(घ) धितोपत्र बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :

यसरी बाँडफाँट भएको शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था अनुसार तोकिएको समय भित्र शेयरहरुको प्रमाण-पत्र वितरण गरी वा शेयरधनीको हितग्राही खातामा जम्मा गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण सम्बन्धी नियम बमोजिम सूचीकरण गरिनेछ ।

(ङ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :

नभएको ।

(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद विक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :

निष्कासन गरिने साधारण शेयरको बाँडफाँट पश्चात धितोपत्र निष्कासन तथा बाँडफाँटनिर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र तथा उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरिएको साधारण शेयर सूचिकरण गराई शेयर खरिदर विक्रीको व्यवस्था मिलाइने छ ।

**(च) प्रत्याभूती सम्बन्धी विवरण:**

(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :

(क) प्रत्याभूति गर्ने संगठित संस्थाको नाम: सि.वि.आई.एल.क्यापिटल लिमिटेड ।

(ख) ठेगाना: डिल्लीबजार, काठमाण्डौ ।

(ग) धितोपत्रको संख्या: १८,००,००० कित्ता साधारण शेयर

(घ) रकम रु. : १८,००,००,०००/–(अठार करोड)

(ङ) सम्झौता मितिः २०७५/०८/१६

(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :

१. सर्वसाधारणमा (आयोजना प्रवाभित क्षेत्रका स्थानिय वासिन्दाहरुको लागी समेत) निष्कासन गर्न लागेको रु.१००/- अंकित दरका ३६,००,००० कित्ता शेयर बराबर रकम रु.३६,००,००,०००/- (अक्षरेपी छत्तीसकरोड रुपैया मात्र) मध्ये रु.१००/- अंकित दरका १८,००,००० कित्ता शेयर बराबर रकम रु.१८,००,००,०००/- (अक्षरेपी अठारकरोड रुपैया मात्र) द्धितिय पक्षले प्रत्याभूति गर्न मञ्जुर गर्दछ ।

२. सर्वसाधारणबाट माथि उल्लेखित निष्कासन कम्पनीको खरीद प्रत्याभुति गरिएका शेयरहरू आशिंक वा पूर्ण रुपमा खरीद नभएको अवस्थामा द्धितिय पक्षले प्रत्याभूती प्रतिवद्धता बमोजिम शेयर खरीद गर्न मञ्जूर गर्दछ ।

३. द्धितिय पक्षले यस सम्झौतापत्रको बुँदा ४ बमोजिम शेयर खरीद गर्नुपर्ने अवस्था आएमा प्रत्याभूति गरिएको शेयरको रकम निष्कासन कम्पनीले माग गर्नासाथ निष्कासन कम्पनीलाई निःशर्त चुक्ता गर्न मञ्जूर गर्दछन् । त्यसैगरी, द्धितिय पक्षले निष्कासन कम्पनीलाई रकम भुक्तान गरेपछि निष्कासन कम्पनीलाई सो रकम बराबरको शेयर स्वामित्व प्रचलित कानून बमोजिम द्धितिय पक्षको हितग्राही खातामा उपलब्ध गराउन मञ्जुर गर्दछ ।

**(छ) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरुः**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितो पत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण,**

यस विवरणपत्र अनुसार निष्कासन गरिएका शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

**(ख) कम्पनीको प्रवन्ध-पत्र तथा नियमावली तथा विवरण-पत्र प्राप्त गर्न वा हेर्न सक्ने ठाँउ :**

- कार्यालय समय भित्र निम्नलिखित स्थानहरु तथा तोकिएको संकलन केन्द्रमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली र विवरण पत्र निरीक्षण गर्न सकिनेछ ।

- कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. ३३, कमलपोखरी, काठमाडौं ।
- शेयर निष्काशन तथा बिक्री प्रवन्धक :– काठमाडौं क्यापिटल मार्केट लिमिटेड, कमलादी, काठमाडौं ।
- शेयर खरीदको लागि दरखास्त दिंदा सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी स्थानीय बासिन्दाले २० कित्ता तथा अन्य (सर्वसाधारण) लगानीकर्ताहरुले न्यूनतम ५० कित्ता शेयर वा अधिकतममा ९,००० (नौ हजार) कित्ता शेयर खरिद गर्नका लागि निवेदन गर्न सकिनेछ न्यूनतम माग गर्न सक्ने भन्दा बढी शेयरका लागि दरखास्त दिंदा १० अंकले भाग जाने संख्यामा दरखास्त दिनु पर्नेछ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु :**

आयोजना प्रभावित क्षेत्र (दोलखा जिल्लाको गौरीशंकर गाँउपालिका (तत्कालीन मार्बु गा.वि.स.समुह "क" अतिप्रभावित; चंखु, खारे र सुरी गा.वि.स. समुह "ख"; ज्याकु, जुगु गौरीशंकर र लादुक गा.वि.स. समुह "ग" का बासिन्दाले यस विवरण-पत्र अनुसार जारी गरिने साधारण शेयर निम्न बमोजिम प्रक्रिया पुरा भएको अवस्थामा शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।

(क) आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी आफैले दस्तखत गरी दरखास्त फाराम बुझाउनु पर्नेछ ।

(ख) १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा स्थानिय निकायबाट जारी भएको प्रमाणपत्र अनिवार्य रुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नुपर्ने छ ।

(ग) १६ वर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाणपत्रको संरक्षकद्वारा प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ ।

(घ) विवाह भई आएका महिलाका हकमा विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ ।

(ङ) वसाई सराई गरी आएको हकमा यो विवरणपत्र सार्वजनिक रुपमा प्रकाशित हुनु पूर्व नै बसाई सराई गरी आएको प्रमाण पत्रको प्रतिलिपि संलग्न गरेको हुनुपर्नेछ ।

(च) आमा बावु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

(छ) धितोपत्र खरीद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संलकन केन्द्रमा शेयर खरीदको लागि दरखास्त बुझाउनुपर्नेछ ।

(ज) आवेदन फाराम बुझ्दा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्ने छ ।

(झ) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एक वटा मात्र आवेदन गरेको हुनुपर्ने, यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनलाई रद्द गरिनेछ ।

(ञ) उद्योग प्रभावित क्षेत्रका बासिन्दाबाट आवेदन माग गर्दा बसाई सराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन् ।

(ट) रु. १० लाख सम्म आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा प्यान नं उल्लेख गर्नुपर्नेछ ।

(ठ) सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत)ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नं. समेत दरखास्त फाराममा खुलाउनु पर्नेछ । यसरी खुलाइएको बैंक तथा वित्तीय संस्था समाशोधन गृहको (क्लियरिङ्ग हाउस) सदस्य भएको हुनुपर्नेछ ।

(ड) रकम फिर्ता दिँदा सम्पूर्ण दरखास्तवालाहरुलाई दरखास्त फाराममा उल्लेख गरिएको निजको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ ।

(ण) उधोग प्रवाभित क्षेत्रका वासिन्दाहरुले शेयर खरिद गरेमा शेयर बाँडफाँट भएको मितिले ३ बर्ष सम्म बिक्रि गर्न पाइने छैन । साथै, सर्वसाधारणका लागी सार्वजनिक निष्काशन गरिने शेयरका लागी पून: आवेदन दिन सक्ने छैनन् ।

## ११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था संगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

(क) संगठित संस्थाको कार्यकारी, अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : नभएको ।

(ख) आधारभूत शेयरधनी : नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : नभएको

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसंग लिएको भए उक्त ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : कारोवार गरेको छैन ।

**१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बूंदाहरु : कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापन नरहेको ।

**१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या : नभएको ।

(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कूल कारोबार भएको धतो पत्र संख्या : नभएको ।

**१४. पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण : हालसम्म कुनै सार्वजनिक निष्कासन नगरिएको ।

**१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

(क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :

आ.ब. २०७३/०७४ को लेखापरीक्षण श्री नवराज थपलिया एण्ड एसोसिएटस्का चाटर्ड एकाउण्टेन्ट श्री नवराज थपलियाले गर्नु भएको छ ।

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशक कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरीका पुनरावलोकन गरी ठीक छ भनी श्री आर.के.एस. एण्ड एशोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री राजेश शाहले प्रमाणित गर्नु भएको छ ।

यस शेयर निष्काशनका लागि निष्काशन तथा बिक्री प्रबन्धकमा काठमाडौं क्यापिटल मार्केट लिमिटेड, कमलादी, काठमाण्डौलाई नियुक्त गरिएको छ ।

निष्काशन बैंक (Banker to the issue) निम्न बमोजिम तोकिएको छ ।

**निष्काशन बैंकहरु :**

| | |
|---|---|
| श्री प्राइम बैंक लिमिटेड | कमलपोखरी, काठमाण्डौ । |
| श्री सेञ्चुरी कमर्सियल बैंक लिमिटेड | पुतलीसडक, काठमाण्डौ । |

साथै, आवश्कता अनुसार निष्काशन बन्द भएको मितिले ३ दिन भित्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसंग भएको सहमतिका मूख्य मूख्य बूंदा तथा शर्तहरु : सो नभएको ।

**१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

संस्थापक शेयरधनीहरुको स्वपूँजी, सञ्चालकहरुबाट लिइएको कर्जा र श्री प्राइम कमर्सियल बैंक लिमिटेडको अगुवाईमा विभिन्न ९ वटा बैंक तथा वित्तिय संस्थाहरुबाट सह वित्तीयकरण ऋण प्राप्त गरी आयोजना निर्माण भइरहेको छ ।

**कर्जाको विवरण:**

रु.हजारमा

| सि. नं. | बैंक तथा बित्तीय संस्थाको नाम | स्विकृति कर्जा रकम | कर्जा रकम | शुरुको ब्याज दर | हाल कायम ब्याज दर | २०७५ आषाढ मसान्त सम्म बाँकि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्राइम कमर्सियल बैंक लिमिटेड | ५७५९४० | ५०८४८३ | १४।५०% | ११।५०५% | ५०८४८३ | निर्माण कार्य भइरहेकोले कर्जा भुक्तानी तालिका हाल बनेको छैन । निर्माण कार्य सम्पन्न भए पश्चात बत्ति बले पश्चात कर्जाको तालिका बनाइनेछ । |
| २ | नविल बैंक लि | ५४६७९० | ४७११८२ | १४।५०% | ११।५०% | ४७११८२ | |
| ३ | सिटिजन्स् बैंक इ.लि. | ५७५९४० | ५११९०७ | १४।५०% | ११।५०% | ५११९०७ | |
| ४ | सिभिल बैंक लि | ३६०००० | ३१८७९१ | १४।५०% | ११।५०% | ३१८७९१ | |
| ५ | नेपाल बैंक लि. | २८७८१० | २५५३०१ | १४।५०% | ११।५०% | २५५३०१ | |
| ६ | सेन्चुरी कमर्सियल बैंक लि. | २८७८१० | २५४८४२ | १४।५०% | ११।५०% | २५४८४२ | |
| ७ | ज्योति विकास बैंक लि | २८७८१० | २३५५८५ | १४।५०% | ११।५०% | २३५५८५ | |
| ८ | सिद्धार्थ बैंक लि | २०१४३० | १७८३२२ | १४।५०% | ११।५०% | १७८३२२ | |
| ९ | नेपाल इन्भेष्टमेन्ट बैंक लि | १४४०६० | १२७८४१ | १४।५०% | ११।५०% | १२७८४१ | |
| | जम्मा | ३२६७५९० | २८६१४५४ | | | २८६१४५४ | |
| १० | प्राइम कमर्सियल बैंक लिमिटेड | ८५००० | ४२००० | १३।००% | १३।००% | ४२००० | छोटो अवधिको लागी माग कर्जा |
| ११ | सिटिजन्स् बैंक इ.लि. | ८५००० | ४२००० | १३।००% | १३।००% | ४२००० | छोटो अवधिको लागी माग कर्जा |
| | जम्मा | १७०००० | ८४००० | | | ८४००० | |

## १७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :

संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई मुद्दा बिचाराधीन रहेको छैन ।

(ग) विगत पांच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने : विगत पांच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको छैन ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

**१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यममार्फत गुनासो सुन्ने अधिकारी श्री सुभाष बस्नेत समक्ष आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्नेछन्: फोन नं. ४१६८६३४ फ्याक्स नं. ४१६८६३९

E-mail: kathmanducapitalmarket@kcml.com.np

**१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :**

नभएको।

**२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :**

हालसम्म ऋणपत्र जारी गरी कर्जा लिएको छैन । आवश्यकता अनुसार ऋणपत्र जारी गर्न सकिनेछ ।

**२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी ब्यवस्था :**

हाल अग्राधिकार शेयर जारी गरिएको छैन ।

**२२. अन्य सामान्य जानकारी :**

(क) **विशेषज्ञको कुनै राय भएमा, सोको विवरण** : सो नभएको ।

(ख) **गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :–**

**सञ्चालकमा भएको परिवर्तनः-** मिति २०७४/०३/१२ को निर्णयबाट सञ्चालक श्री गणेश कार्की र श्री निमा लामा हटनु भएको । ग्रीन लाइफ इनर्जी प्रा.लि.बाट ग्रीनलाइफ हाइड्रो पावर लिमिटेडमा परिवर्तन भएपश्चात् कम्पनीको प्रबन्धपत्र नियमावली अनुसार परिवर्तन भएको ।

**लेखापरीक्षकमा भएको परिवर्तनः-** आर्थिक बर्ष २०७१/७२ सम्म लेखापरीक्षक आर.सापकोट एण्ड एसोसिएटस्बाट लेखापरीक्षण भएकोमा आर्थिक बर्ष २०७२/७३ देखि सि.ए. नवराज थपलिया एण्ड एसोसिएटस्बाट लेखापरीक्षण भएको ।

(ग) **कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

**नामः** भिष्म निरौला

**ठेगानाः** पुतलीसडक, का.म.न.पा. २९, काठमाण्डौ ।

**योग्यता** : एम.ए., वि.एल.

**अनुभवः** १६ बर्षसम्म कानूनी सेवामा संलग्न ।

(घ) **सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि सार्वजनिक निष्काशनको निमित्त छुट्याएको जारी पुँजी रु.१ अर्ब ८० करोड मध्ये १० प्रतिशतले हुने साधारण शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही प्रति साधारण शेयर रु. १००/– अंकित मुल्यको १८,००,००० कित्ता शेयरहरु आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र दोलखा जिल्लाको समुह (क) गौरीशंकर गाउँपालिका बडा न. ७ मार्वु बासिन्दाहरुका लागी ३० प्रतिशत अर्थात ५४०,००० थान, समुह (ख) गौरीशंकर गाउँपालिका बडा न. ५ सुरी, ६ चंखु, ८ खारे र ९ गौरीशकर गाउँपालिका बासिन्दाहरुका लागी ४० प्रतिशत अर्थात ७२०,००० थान र समुह (ग) गौरीशंकर गाउँपालिका बडा न. १ र २ जुगु बडा न. ३ र ४ भ्याकु र विगु गाउँपालिका बडा न. ४ लादुक बासिन्दाहरुका लागी ३० प्रतिशत अर्थात ५४०,००० थान कित्ता शेयर निष्काशन गर्ने र उक्त निष्काशन सम्बन्धी सर्म्पूण कार्य गर्न कम्पनी सचिव श्री भिष्म निरौलालाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**

यो आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष सम्म आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफानोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. ३१, कमलपोखरी, काठमाडौं, शेयर निष्काशनको लागि तोकिएका संकलन केन्द्रहरु र शेयर निष्काशन तथा बिक्री प्रवन्धक श्री काठमाण्डौ क्यापिटल मार्केट लिमिटेड, कमलादी, काठमाण्डौबाट प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

कम्पनीले हालसम्म बोनस शेयर जारी गरेको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरू कसैका लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

(१) यस विवरणपत्र अनुसार निष्काशन गरिने १८,००,००० थान शेयर आयोजनाको प्रभावित क्षेत्रका बासिन्दाहरुलाई शेयर दिने प्रावधान बमोजिम दोलखा जिल्लाको समुह (क) गौरीशंकर गाउँपालिका बडा न. ७ मार्वु बासिन्दाहरुका लागी ३० प्रतिशत अर्थात ५,४०,००० थान, समुह (ख) गौरीशंकर गाउँपालिका बडा न. ५ सुरी, ६ चंखु, ८ खारे र ९ गौरीशकर गाउँपालिका बासिन्दाहरुका लागी ४० प्रतिशत अर्थात ७२०,००० थान र समुह (ग) गौरीशंकर गाउँपालिका बडा न. १ र २ जुगु बडा न. ३ र ४ भ्याकु र विगु गाउँपालिका बडा न. ४ लादुक बासिन्दाहरुका लागी ३० प्रतिशत अर्थात ५४०,००० थान कित्ता शेयर निष्काशन गरिएको छ ।

(२) यस विवरण-पत्र बमोजिम स्थानिय बासिन्दाहरुको लागि निष्काशन गरिएको शेयर सबै बिक्री हुन नसकी बाँकी रहेमा त्यस्तो बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुलाई थप गरी बिक्री गर्न सक्नेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरू, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरण–पत्रमार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) दोलखा जिल्लामा कम्तीमा ४ (चार) सङ्कलन केन्द्रको व्यवस्था गरी आवेदन फारम तथा विवरण–पत्र वितरण तथा आवेदन फारमसहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ।

**(ट) विवरण-पत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यो विवरणपत्र धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री काठमाण्डौ क्यापिटल मार्केट लि., कमलादी, काठमाडौंले तयार गरेको हो ।

**(ठ) सकारात्मक पक्षहरू :**

- आयोजनाबाट प्राप्त हुने आयमा १० वर्षसम्म आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको ।
- खानीखोला १ जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।
- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।
- आयोजनामा समावेश गरिएका खोलाहरु उच्च हिमाली क्षेत्रवाट बहने भएकोले हिउँदयाममा पनि पानीको बहाव निरन्तर रहने तथा आयोजनाको हेडवर्कहरु सबैभन्दा माथिल्लो भागमा रहेकोले खोलामा जम्मा हुने बालुवा तथा फोहोर कम निस्कने भई आयोजनामा जडित मेसिन, औजार तथा उपकरणहरुमा क्षति कम हुने भएकोले सञ्चालन खर्च न्यून रहन

**(ड) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरेपश्चात् शेयरको नामसारी, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ढ) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरण–पत्रद्वारा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागी निष्काशन गरिएका साधारण शेयरको आवेदन दिने अवधि बिक्रि खुल्ला भएको मितिले न्यूनतम १५ दिन तथा अधिकतम ३५ दिनको हुनेछ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ बमोजिमका विवरणहरुः**

**(ण) आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको :** २०६७ साल देखि आयोजना निर्माण शुरु गरी व्यवसायीक रुपमा विद्युत उत्पादन आरम्भ गर्ने अन्तिम चरणमा रहेको ।

**(त) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको मितिः**

कम्पनीले आर्थिक बर्ष २०७३/२०७४को बार्षिक साधारणसभा मिति २०७४ पौष ३० गते सम्पन्न गरेकोछ । आर्थिक वर्ष२०७४/७५ सम्मको लेखापरीक्षण समाप्त भई सकेकोछ । कम्पनीको आर्थिक बर्ष २०७४/७५ को वार्षिक साधारण सभा मिति २०७५/०८/२९ गते हुने सार्वजनिक सुचना प्रकाशित गरिएकोछ ।

**(थ) आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको** :

मिति २०७१/०२/३० गतेको निर्णय बमोजिम विद्युत विकास विभागबाट विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरेको र सोही आधारमा विद्युत प्राधिकरणसंग PPA भएको ।

**(द) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको** :

सन् २००९ (२०६७ साल) देखि परियोजनास्थलमा परियोजनाको कार्य प्रारम्भ भई हालसम्म निरन्तर भइरहेको ।

**(ध) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरीद गर्नुपर्ने भएमा खरीद प्रकृया अगाडि बढाइसकेको :**

यान्त्रिक उपकरण जडान कार्य अन्तिम चरणमा पुगिसकेको ।

(न) **धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको :**
सार्वजनिक निष्काशनको लागि कम्पनी र बिक्रि प्रबन्धक श्री काठमाडौं क्यापिटल मार्केट लिमिटेडसँग मिति २०७५/०४/२८ गतेमा सम्झौता गरीएको ।

(प) परियोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत रहेको छ ।

(फ) संस्थापकहरुले आफुले लिन कबुल गरेको रकम रु. १,४४,००,००,०००/– शत प्रतिशत चुक्ता भैसकेकोछ ।

(ब) परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर सन् २०१२, जुन २५ मा वित्तीय व्यवस्थापन सम्बन्धी संझौता सम्पन्न भएको ।

(भ) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरीद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणका लागि टेण्डर आव्हान गरिएको :**
मिति २०६४ साल असोजमा नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री संझौता सम्पन्न भई सोहि अनुसार निमार्णकार्य अन्तिम चरणमा पुगेको छ ।

(म) सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोके बमोजिम प्रत्याभूति गर्न कम्पनी र श्री सि.वि.आई.एल क्यापिटल लि. बीच मिति २०७५/०८/१६ मा सम्झौता भएको ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस “विवरणपत्र” अनुसार निष्काशन गरिने साधारण शेयरको लागी क्रेडिट रेटिङ्ग नियमावली २०६८ बमोजिम नेपालमा स्विकृत प्राप्त क्रेडिट रेटिङ्ग एजेन्सि केयर रेटिङ्ग नेपाल लिमिटेड,कान्तिपथ,काठमाण्डौले मिति जुन १,२०१८मा औसत भन्दा तल आधारहरु (Below Average Fundamentals)जनाउने “CARE-NP IPO Grade 4” प्रदान गरेको छ । उक्त रेटिङ्ग कम्पनीले प्रदान गर्ने ग्रेडलाई देहाय बमोजिम ब्याख्या गरेकोछ ।

| CARE IPO Grade | Definition |
|---|---|
| CARE-NP IPO Grade 1 | Strong Fundamentals |
| CARE-NP IPO Grade 2 | Above Average Fundamentals |
| CARE-NP IPO Grade 3 | Average Fundamentals |
| CARE-NP IPO Grade 4 | Below Average Fundamentals |
| CARE-NP IPO Grade 5 | Poor Fundamentals |

**२३. संचालकहरुको नाम तथा दस्तखत :**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्रीमती याङचेन डोमा लामा | अध्यक्ष | |
| २. | श्रीमती केसाङ्ग डिकी लामा | संचालक | |
| ३. | श्री भुषण थापा | संचालक | |
| ४. | श्री बटु लामिछाने | संचालक | |
| ५ | श्री छेतेन वाङ्गेल खाङकर लामा | संचालक | |
| ६ | श्री धर्मेन्द्र अग्रवाल | संचालक | |
| ७ | श्री तेन्जिङ्ग जम्पे लामा | प्रबन्ध संचालक | |

## २४.	निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेनस् सर्टिफिकेट) को प्रति :

मिति : २०७५/०६/२८

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

**बिषय : ड्यु डेलिजेन्स् सर्टिफिकेटबारे ।**

महाशय,

काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालीका वडा न ३१, कमलपोखरी, काठमाण्डौमा ठेगाना भएको श्री ग्रीनलाइफ हाईड्रोपावर लिमिटेडले आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दाहरुको लागी कम्पनीले सार्वजनिक निष्काशनको निमित्त छुटयाएको जारी पुँजी रु.१ अर्ब ८० करोड मध्ये १० प्रतिशतले हुने साधारण शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३ समेतको अधिनमा रहि प्रति साधारण शेयर रु. १००।– अङ्कित मुल्यको १८,००,००० कित्ता साधारण शेयर निष्काशन गरिएकोछ । जस मध्ये आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र दोलखा जिल्लाको गौरीशंकर गाँउपालिका (तत्कालीन समुह (क) गौरीशंकर गाउँ पालिका बडा न. ७ मार्वु : ३० प्रतिशत अर्थात ५४०००० थान,समुह (ख)गौरीशंकर गाउँ पालिका बडा न. ५ सुरी , ६ चंखु , ८ खारे र ९ गौरीशकर :४० प्रतिशत अर्थात ७२०००० थान,समुह (ग) गौरीशंकर गाउँ पालिका बडा न. १ र २ जुगु बडा न. ३ र ४ भ्याकु र विगु गाउँ पालिका बडा न. ४ लादुकः३० प्रतिशत अर्थात ५४०००० थान)का बासिन्दाहरुकोलागी शेयर निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन यस संस्था मञ्जुर गर्दछौं । स्थानीय बासिन्दाहरुकोलागी साधारण शेयर जारी गर्ने क्रममा धितो पत्र कारावारसँग सम्बद्ध कानुनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पुर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठीत संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा संगठीत संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कम्पनीको कार्यालयमा राखिएको छ ।

३. हाम्रो बिचारमा निष्काशनकर्ता कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. स्थानिय बासिन्दाहरुलाई विवरण-पत्र र दरखास्त फारम सरल तरिकाबाट बितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्ता कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छं ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली तथा निर्देशिकाहरुमा उल्लेखीत सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक रहेको छ ।

## २५.	विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

संलग्न गरिएको ।